मानवीय लापरवाही नै कोभिड सङ्क्रमणको मुख्य कारण हो। सानो असावधानीले पनि महामारीको रूप लिन सक्छ। कसैलाई सामान्य मात्र प्रभाव पार्ने सरुवा रोग कसैका लागि ज्यान लिने कारण बन्न सक्छ। त्यसैले सचेत रहौं, स्वास्थ्य मापदण्डको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratEEkdaily.com




Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ फागुन १७ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 March 01 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १८५

## जिल्ला प्रहरी कार्यालय, पर्सा पञ्चायती गर्ने थलो बन्दै

प्रस, वीरगंज, १६ फागुन/

जिल्ला प्रहरी कार्यालय, पर्सामा नियमित कामहरू प्रभावित हुने गरेका छन्। पर्सा जिल्लाभरि प्रहरी चौकी,

जिप्रकामा अहिले धेरैजसो महिला हिंसाका घटना, जग्गा खिंचलो, झैंझगडा, सकेको छैन। राजनीति दलका नेता, कार्यकर्ताहरूको दबाब पनि बढेको छ।



गाउँघरको विवाद मिलाउन जिप्रका, पर्सामा सर्वसाधारणको लर्को र जिप्रका पर्सा हाताभित्र पञ्चायती गर्दै। तस्वीरः प्रतीक

अहिले विभिन्न खाले समस्या लिएर आउनेहरूको भीड बढेको छ। ससाना समस्याहरूलाई पनि जिल्ला प्रहरी कार्यालयमा आएर पञ्चायती गर्ने प्रचलन बढेपछि भीड बढेको हो।

यसअघि यो कार्य बारा जिल्लामा हुने गरेको थियो। प्रहरी कार्यालय र जिल्ला प्रशासनमा पञ्चायती गर्ने कार्यले इलाका प्रहरी कार्यालय र महानगरका सामुदायिक सेवा केन्द्रहरू यस्ता सामान्य झगडाका लागि गठन गरिएका छन् तर त्यहाँ समस्या समाधान नगरी जिल्ला प्रहरी कार्यालयमा आएर भीड लगाउने प्रवृत्ति बढेसँगै बिचौलियाहरूको चहलपहल पनि बढेको छ। प्रहरीको नाममा कतिपय मानिस ठगिने गरेका छन्।

लेनदेनजस्ता विवादहरूको पञ्चायती हुने गरेको छ। जिल्ला प्रशासन कार्यालय, पर्सामा दर्ता हुने यस प्रकारका घटनाहरू पनि जिल्ला प्रहरी कार्यालयमा मिलापत्र गराउने कार्य भइरहेको छ, जसले गर्दा प्रहरीले आफ्नो नियमित काम गर्न सकेको छैन। प्रहरीले विभिन्न खाले अपराध नियन्त्रणका लागि योजनाहरू पनि बनाउन

पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले नियमित कामहरू प्रभावित भएको बताए। उनले दिनभरि यसैमा व्यस्त हुने भएकोले अपराधका अन्य घटनाहरू नियन्त्रण सम्बन्धमा योजना बनाएर काम गर्न कठिनाइ भएको बताए।

गाउँघरमा हुने झगडाहरूको छिनोफानो गर्ने क्रममा इलाका प्रहरी कार्यालय, प्रहरी चौकी र सामुदायिक सेवा केन्द्रमा हुने पञ्चायतीमा एक पक्षीय निर्णय हुने गरेका कारण त्यहाँ विश्वास घट्दै जाँदा जिल्ला प्रहरी कार्यालयमा यस्ता घटनाहरू थुप्रिएको उनले बताए। दुवै पक्षको कुरा सुन्ने र दुवै पक्षलाई मान्य हुने गरी निर्णय गर्ने क्षमता त्यहाँ नहुँदा जिप्रकामा आश्रित हुनुपरेको एकजना पीडितले बताए। जिल्लामा पनि बिचौलियाहरूको चहलपहल बढेको छ। प्रहरीको नाममा मुद्दा मिलाइदिने, फैसला आफ्नो पक्षमा गर्ने जस्ता कार्यमा बिचौलियाहरूको सक्रियता बढेको छ।

## पर्सा/बारा काङ्ग्रेसको जिल्ला अधिवेशन
## पर्सामा १९ गते र बारामा २१ गते निर्वाचन

प्रस, वीरगंज, १६ फागुन/

नेपाली काङ्ग्रेस जिल्ला कार्यसमिति गरिरहेका छन् तर अहिलेसम्म सहमति हुन सकेको छैन। यथावस्थामा फागुन



पर्साः जनार्दनसिंह क्षत्री, रामनारायण कुर्मी, लक्ष्मीनाथ नेपाल, श्याम पटेल



बाराः राजेशराय यादव, शम्भु बुढाथोकी, रामानन्द यादव (बायाँबाट)

पदाधिकारीहरूको निर्वाचन फागुन १९ गते हुने भएको छ भने बाराको फागुन २१ गते हुने भएको छ।

नेका, पर्सामा ६२ पदका लागि निर्वाचन हुने र सोमा १८ सय मतदाता सहभागी हुने बताइएको छ। जिल्ला सभापतिको लागि जनार्दनसिंह क्षत्री, श्याम पटेल, रामनारायण कुर्मी र लक्ष्मीनाथ नेपालको नाम चर्चामा छ। वर्तमान सभापति अजयकुमार द्विवेदीले निर्वाचनमा सहभागी नहुने यसअघि नै घोषणा गरेका थिए। नेकाका नेताहरूले सभापतिलगायत पदमा सहमतिको प्रयास

१७ गते ५:३० बजेसम्म उम्मेदवारी दर्ताको समय तोकिएको छ।

यसैगरी, बारा जिल्लामा २४ सय ८६ जनाले जिल्ला पदाधिकारीहरूको लागि फागुन २१ गते मतदान गर्दैछन्। बारामा उम्मेदवारी दर्ताको लागि फागुन १९ गते मिति तय भएको छ। बारा जिल्लामा कलैया उपमहानगरपालिकाका नगरप्रमुख राजेशराय यादव, शम्भु बुढाथोकी, रामानन्द यादवले सभापतिमा उम्मेदवारी दिने चर्चा छ। वर्तमान सभापति जयचन्द चौरसियाले उम्मेदवारी नदिने भएका छन्।

## धाँगडबस्तीको यकीन तथ्याङ्क छैन -सप्रजिअ पौडेल

प्रस, पर्सागढी, १६ फागुन/

जिल्ला प्रशासन कार्यालय, पर्साका गर्दै सप्रजिअ पौडेलले सो कुरा बताएका हुन्।

प्रतिबद्धता जाहेर गरे। उनले लोपोन्मुख जातिको जीवनस्तर उकास्न गरिएको




तस्वीरः प्रतीक

सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले जिल्लामा रहेका धाँगडबस्तीको यकीन तथ्याङ्क नरहेको बताएका छन्।

वीरगंज महानगर-३१ शान्ति सद्भाव तथा मेलमिलाप केन्द्रले एशियन एकेडेमी पिस फर रिसर्च एन्ड डेभलपमेन्ट काठमाडौंको सहकार्यमा सोमवार आयोजना गरेको हाम्रो संस्कृति हाम्रो अभियान, धाँगड समुदायको संस्कृतिमा युवाको अभियान कार्यक्रमको उद्घाटन

उनले जिल्लामा रहेका धाँगडबस्तीबारे आफूलाई जानकारी नभएको बताए। सप्रजिअ पौडेलले धाँगड समुदायलाई सरकारले धेरै सेवा, सुविधा उपलब्ध गराएको तर उनीहरूको यकीन तथ्याङ्क जिल्लामा नहुँदा सेवाप्रवाह हुन नसकेको बताए।

उनले आगामी दिनमा धाँगड समुदायको सङ्ख्या यकीन गरी राज्यले उपलब्ध गराएका सेवासुविधाले धाँगड समुदायको जीवनस्तर उकास्न पहल गर्ने कार्यक्रमको प्रशंसा पनि गरे।

शान्ति सद्भाव तथा मेलमिलाप केन्द्रका अध्यक्ष रामाकान्त चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा वडा अधिकृत नारायण चापागाई, जीतेन्द्र यादव, बालेश्वर गौरो, अञ्जिला कुमारी, रामबाबू साहलगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा सोनम कुमारीले स्वागत र संस्थाका सचिव केदार पटेलले सहजीकरण गरेका थिए।

## वन अतिक्रमण गरी बनाउन लागिएको गुम्बाको निर्माण रोकियो

प्रस, पर्सागढी, १६ फागुन/

सबडिभिजन वन कार्यालय, सबैयाले स्थानबाट नहटाइए वन कार्यालयको जिम्मा लगाउने चेतावनी दिए।

श्मशानघाट, बाटो जस्ता बहानामा वन अतिक्रमण गर्ने क्रम बढेकाले सो कार्य



गुम्बा निर्माणस्थलमा खनिएको खाल्डो पुर्दै सुरक्षाकर्मी। तस्वीरः प्रतीक

सबैया साझेदारी वन अन्तर्गतका सार्वजनिक जग्गामा गुम्बा बनाउने कार्य रोकेको छ।

पर्सागढी नगरपालिका-३ सृजनटोलमा नगरस्तरीय बजेटबाट गुम्बा निर्माण गर्ने क्रममा सोमवार वनकर्मी र सबैया साझेदारी वन उपभोक्ता समितिका पदाधिकारीहरूले गुम्बा निर्माण कार्यमा रोक लगाएका हुन्। उनीहरूले जङ्गल क्षेत्रको सार्वजनिक जग्गामा धार्मिक कार्यक्रमको बहानामा अतिक्रमण गर्ने प्रचलन बढेको भन्दै रोक लगाएका हुन्।

उपभोक्ता समितिका लखनलाल साहले गुम्बा बनाउन रोक लगाइएको र त्यहाँ रहेका निर्माण सामग्री दुई दिनभित्र हटाउन समय दिइएको बताए। उनले तोकिएको समयमा निर्माण सामग्री सो

सबडिभिजन वन कार्यालय, सबैयाका फरेस्टर पुरुषोत्तम पटेलले वनको सार्वजनिक जग्गालाई विभिन्न बहानामा अतिक्रमण गर्ने कार्य बढेको बताए। उनले मन्दिर, गुम्बा, खेलमैदान,

नियन्त्रण गर्न गुम्बा निर्माण रोकिएको जानकारी गराए। गुम्बा निर्माणका लागि खनिएको खाल्डो आज वनकर्मी र सबैयाका पदाधिकारीहरूले पुरेका छन्।

## सशस्त्र प्रहरीको भवन निर्माणको लागि शिलान्यास

प्रस, ठोरी, १६ फागुन/

ठोरी गाउँपालिका-४ विजयबस्तीमा



सशस्त्र बेस क्याम्पसको शिलान्यास गरिँदै। तस्वीरः प्रतीक

सशस्त्र प्रहरीको बेस क्याम्प निर्माण हुन लागेको छ। सशस्त्र बेस क्याम्प निर्माणको लागि सोमवार सशस्त्र प्रहरी उपरीक्षक तेजप्रकाश पोखरेलले शिलान्यास गरे।

भवन निर्माणको लागि नेपाली काङ्ग्रेस, ठोरीका सभापति मीनबहादुर (सन्तोष) श्रेष्ठले जग्गादान गरेका थिए। शिलान्यास कार्यक्रममा सप्रउ पोखरेलसँगै उनले शिलान्यासको लागि पूजापाठ गरे। सो भवनको निर्माण २०७९ असार मसान्तसम्म सम्पन्न गर्ने गरी ठेक्का सकार भएको छ। ८० लाख ८४ हजार रुपैयाँमा दुईवटा भवन र शौचालय निर्माण गर्न ठेक्का लगाइएको छ।

अहिले विजयबस्तीस्थित खानेपानी कार्यालयमा अस्थायी बिओपी सञ्चालित छ।

स्थायीरूपमा सशस्त्रको बेस स्थापनाको लागि श्रेष्ठले पाँच कट्ठा जग्गा दान गरेका थिए। जग्गादाताको नाममा सो बेस क्याम्पको नाम सशस्त्र प्रहरी बिओपी सुरुचि, विजयबस्ती राखिएको छ। कार्यक्रममा वडाध्यक्ष बहीबहादुर तामाङ, पूर्वअध्यक्ष लालबहादुर श्रेष्ठ, एमाले, ठोरीका अध्यक्ष खगेन्द्र श्रेष्ठ र आसपासका सशस्त्र प्रहरी बिओपीका प्रमुखहरूको सहभागिता थियो।

## औषधि व्यवसायीको चार लाख लुटियो

प्रस, सिम्रौनगढ, १६ फागुन/

भारत, जितना थाना क्षेत्रको जोलगावामा एकजना औषधि व्यवसायीको चार लाख रकम अज्ञात लुटेरा समूहले लुटेको छ।

नेपालको बारा, पचरौता नगरपालिकानजीक सीमावर्ती गाउँ जोलगावामा भारत, घोडासहनका औषधि व्यवसायी अभिषेक जायसवालको साथमा रहेको चार लाख रकम लुटिएको भारतीय प्रहरीले जनाएको छ। जायसवाल पिकअपबाट घर फर्किँदै गर्दा अज्ञात समूहले उनको साथमा रहेको चार लाख रुपैयाँ लुटेको भारतीय प्रहरीले जनाएको छ। मोटरसाइकलमा आएका आधा दर्जन लुटेरा समूहले चार लाख नगद लुटेर लगेको पीडितले बताएका छन्।

## विचारसार र सूक्तिहरू

शान्ति मानवको सुखद र स्वाभाविक स्थिति हो। युद्ध उसको अन्त हो, उसको कलङ्क हो।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

## सम्बन्धमा अवैधता

हाम्रो समाजले अवैध सम्बन्धलाई सबभन्दा बढी तिरस्कृत मानेको छ। यसो हुनुमा व्यक्ति–व्यक्तिबीच तिक्तता नबढोस्, सबल–निर्बल सबैले सम्मानपूर्वक बाँच्न पाऊन् र सन्तानको पालनपोषण र स्नेहमा कमी नआओस् भन्नु नै हो। अवैध सम्बन्ध भन्नेबित्तिकै प्रायःजसो विवाहेतर सम्बन्ध र विवाहपूर्व यौनिक क्रियाकलापलाई बुझ्ने गरिन्छ। विवाहपूर्व अवैध सम्बन्धबाट उत्पन्न अनिच्छित सन्तानको संरक्षण सबैभन्दा ठूलो समस्या बन्दछ भने वैवाहिक जीवनमा देखा पर्ने अवैध सम्बन्धले दुई परिवार पीडित बन्दछ र यो प्रायः हत्या–हिंसामा टुङ्गिन्छ। पर्सा जिल्लामा पुस महीनादेखि आजसम्म अवैध सम्बन्धका कारण तीनवटा हत्या भएको देखिएको छ। अवैध सम्बन्धमा अवरोधक बन्ने तथा त्यसको जानकारी पाएको व्यक्तिको त्यो लोग्ने होस्, पत्नी होस् वा आफ्नै सन्तान निर्ममतापूर्वक मारिएको देखिएको छ। हत्या वा वध कुनै ठूलो कारणले मात्र हुन्छ, तर शारीरिक भोक मेटाउनका लागि मात्र हत्या हुनु जघन्य अपराध हो। र अवैध सम्बन्ध जहिले पनि जघन्य अपराधमैं टुङ्गिएको पाइन्छ। कारण यति मात्र हो कि यस सम्बन्धलाई समाजले कुनै पनि अवस्था वा परिस्थितिमा स्वीकार गर्दैन। अवैध सम्बन्ध बनाउनेले कि समाजसँग द्रोह गर्नुपर्छ कि समाजको नजरमा हेय बनेर बाँच्नुपर्छ। अति बलशाली व्यक्ति छ भने द्रोह गर्ला तर पनि ऊ सामाजिक वञ्चनाबाट जोगिन सक्दैन। त्यसैले मानिस अवैध सम्बन्ध लुकाउन हत्याजस्तो निर्घृणी कार्य गर्न तत्पर हुन्छ।

यसो त मानिस मात्र होइन कुनै पनि प्राणी चारवटा तत्त्व नभई बाँच्न सक्दैन। हाम्रो शास्त्रमा भनिएको पनि छ– आहार, निद्रा, भय, मैथुनम् च... । प्राणी मात्रलाई भोजन, निद्रा चाहिन्छ, उसमा असङ्गतिप्रति भय र मैथुनिक कर्म प्रकृतिगत हुन्छ। मानिसले चाहेर पनि यसको त्याग गर्न सक्दैन। भोजनविना जसरी मानिस चोरीजस्तो कुकर्म गर्न पनि उतारू हुन्छ, त्यसैगरी मैथुनविना उसमा विक्षिप्तता आउँछ। विक्षिप्त अवस्थाको व्यक्तिले के गर्न सक्छ, त्यसको कल्पना पनि गर्न गाह्रो हुन्छ। त्यसैले हिजोको समाजमा विवाहयोग्य केटा वा केटीबारे सामाजिकरूपमा सरोकार व्यक्त गरिन्थ्यो। आज समाज एकल भएको छ, हिजोको मान्यता लोप हुँदै गएको छ। यसर्थ कसले विवाह गरिरहेको छ वा गरिरहेको छैन, कसैको पनि, यहाँसम्म कि निकट नातेदारहरूको पनि चासोमा पर्दैन। तर यहाँ प्रसङ्ग छ, विवाहेतर सम्बन्धको, त्यो पनि अवैध। विवाहेतर सम्बन्ध भन्नाले कुनै एक वा दुवै पक्षसँग जैविक भोक शमन गर्ने साधन हुन्छ। त्यस अवस्थामा जैविक भोक शमन गर्नका लागि अन्यत्र लहसिनुलाई अवैध सम्बन्ध भनिएको हो र समाजले त्यसका लागि नैतिक प्रताडनाको बाटो अङ्गीकार गरेको हो।

अवैध सम्बन्ध त्यस कारण त्याज्य र वर्जित हुनुपर्छ किनकि यसको परिणाम जहिले पनि दुःखद हुन्छ। समाज र कानून यस सम्बन्धमा शून्य सहनशील बन्नुपर्छ। कुनै कारणले यस्तो सम्बन्धलाई समाजले सहन्छ र राज्यले पनि दण्डित गर्दैन भने त्यसको परिणाम व्यक्ति, समाज र राज्य सबैले भोग्नुपर्छ। कारक व्यक्तिले प्रत्यक्ष भोग्नु स्वाभाविक हो तर यस दुष्कर्मबाट उत्पन्न हुने सन्तानले भोग्नु भने अन्याय हो। समाजले विभिन्न कारणले अवैध सम्बन्ध भलै पचाइदेओस्, अवैध सन्तानलाई भने पचाउन मान्दैन। अकर्मालेे पाउने ताडना सभ्य समाजका लागि आदर्श अवस्था होइन। यस्तो सम्बन्धको परिणाम दुरभिसन्धि मात्र हो।

# नेपालको परराष्ट्र नीति : पहिले र अहिले

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला
(A PhD Scholar)
Koiralarp46@gmail.com

**देशको अर्थतन्त्र जति कमजोर हुन्छ, छिमेकीको आधिपत्य त्यति नै सहनुपर्छ। राष्ट्रको आर्थिक वृद्धिका लागि रणनीतिक योजना र नीतिहरू निर्माण गर्नु नै अन्य देशहरूसँग सम्झौता र वार्ता गर्ने अन्तिम माध्यम हो जसले हाम्रो परराष्ट्र नीतिको आधारलाई पनि बलियो बनाउँछ।**

अक्सफोर्ड डिक्शनरीले 'कूटनीति' शब्दलाई 'वार्ताद्वारा अन्तर्राष्ट्रिय सम्बन्धको व्यवस्थापन' भनेर व्याख्या गरेको छ। मानिसहरूलाई अपमानित र अपमान नगरी व्यवहार गर्ने यो एक सीप हो। अर्को शब्दमा, कूटनीति भनेको मानिसहरूलाई विचलित नगरी कठिन परिस्थितिलाई नियन्त्रण गर्ने क्षमता पनि हो।

'डिप्लोम्याटिक्स वा डिप्लोमा भनेको 'बडापत्र' वा 'लाइसेन्स' हो। रोमन साम्राज्यको समयमा 'डिप्लोमा' नागरिकहरूलाई अन्य देशहरूमा यात्रा गर्न जारी गरिएको राहदानी थियो।

राष्ट्र हितका लागि वार्ता र बार्गेनिङ कूटनीतिको मुख्य विशेषता हो। एक असल कूटनीतिज्ञ त्यो हो जसमा उत्कृष्ट मध्यस्थताको गुण हुन्छ तर राष्ट्रहरूबीच शान्ति र समझदारीको लागि सन्देशवाहकको रूपमा काम गर्दछ। युद्ध र व्यापार द्वन्द्वको समयमा कूटनीतिज्ञको भूमिका अधिक अपरिहार्य हुन्छ।

डोना ली र ब्रेन हकिंग (२०११) भन्छन् कि कूटनीतिले शान्तिको आधारमा मानव मामिलाहरूमा शिष्टाचार समावेश गर्दछ, र वार्तालापको प्रविधि कायम राख्छ।

त्यस्ता प्रविधिहरूको तार्किक प्रयोगको माध्यमबाट, यो अन्तर्राष्ट्रिय प्रणालीको विशेषता र सार्वभौम राज्यहरूको प्रणालीको 'परिभाषित' संस्थाको मुख्य प्रक्रियाहरूमध्ये एक मानिन्छ जुन 'वेस्टफेलियन' प्रणालीपछि १६८४ को शान्ति सम्झौतापछि, संसारको भौगोलिक सिमानाहरूमा देखा पर्‍यो। यसमा केही महत्त्वपूर्ण विभेदहरू थिए। पहिलो, राज्यस्तरमा जसलाई कूटनीतिक इतिहासमा 'परराष्ट्र नीति' भनिन्छ। दोस्रो, यसलाई विश्वव्यापी प्रणालीको संस्थाको रूपमा हेरिएको थियो। समयसँगै विभिन्न नीतिहरू लागू र अभ्यास भएका छन् जसलाई 'अन्तर्राष्ट्रिय सम्बन्ध' भनिन्छ।

एक सार्वभौम राजनीतिक संस्थाको प्रतिनिधित्व गर्न विदेशी राजनीतिक अधिकार क्षेत्रहरूमा आधिकारिक दूतहरू पठाउने गरिन्थ्यो। पुरातन समयमा ग्रीस, पर्सिया (इरान), भारत र चीनलगायत देशहरूले सन्देश, उपहार वा शाही सदस्यहरू र देशका कुलीन परिवारबीच विवाहमार्फत गठबन्धन बनाउनेजस्ता गतिविधिको अभ्यास गरेका थिए।

दार्शनिक र चिन्तकहरूले लेख्नुभन्दा पहिले कूटनीतिको सिद्धान्त कायम थियो। समयसँगै कूटनीतिक सम्बन्धका प्रवृत्तिहरू समयको गति, राजनीति र देशबीच सम्बन्धमा परिवर्तन र प्रविधिको विकाससँगै परिवर्तन हुँदै गएका छन्।

पहिलो विश्वयुद्धपछि, कूटनीतिक सम्बन्धले अन्तर्राष्ट्रिय सम्बन्धमा नयाँ प्रतिमान परिवर्तनको लागि मार्ग प्रशस्त गर्‍यो। यो त्यो समय थियो जब कूटनीतिको नयाँ च्यानल र मोडहरू खुले। बहुपक्षीय कूटनीति, सार्वजनिक बहस, अन्तर्राष्ट्रिय संसदीय कार्यविधि र सामूहिक निर्णय प्रक्रियालाई समावेश गरी नयाँ कूटनीतिक प्रक्रियाहरू सुदृढ भएका छन्।

**नेपाली कूटनीतिको शुरूआतः**

मुख्यतया परराष्ट्र मामिलाका विषयमा लेख्ने पत्रकार गोपाल खनालले आफ्नो 'नेपालको परराष्ट्र नीति : निरन्तरता र परिवर्तन' लेखमा राजा पृथ्वीनारायण शाहले नै अखण्ड नेपालको आधुनिक कूटनीतिको बीउ छरेको तर्क गरेका छन्। देशको भूराजनीतिक अवस्थाबारे शाहले दुई छिमेकी भारत र चीनलाई उद्धृत गर्दै नेपाललाई 'दुई ठूला ढुङ्गाबीचको तरूल' भनेका छन्।

इतिहासमा नेपालले छिमेकी मुलुकसँग सम्बन्ध राख्दा विभिन्न उतारचढाव भोगेको छ। सन् १८१६ को सुगौली सन्धिपछि नेपाल कमजोर र भारत केन्द्रित भएको मानिन्छ।

सन् १९५० नोभेम्बरमा राजा त्रिभुवनले भारतमा शरण लिएपछि भएको प्रजातान्त्रिक आन्दोलनले नेपालीहरूलाई राणा गणतन्त्रको चंगुलबाट मुक्त गरायो तर नेपालमा भारतको प्रभाव झन् बढ्यो।

सन् १९५९ को पहिलो आम निर्वाचनमा विपी कोइरालाको नेतृत्वमा नेपाली काङ्ग्रेस दुईतिहाई बहुमतले विजयी भएको थियो। कोइराला देशको प्रधानमन्त्री भएपछि उनले आफ्नो कूटनीतिबाट अन्तर्राष्ट्रिय ख्याति कमाए। भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूले कोइरालाको लोकप्रियता सहन नसकेर कोइरालाविरुद्ध फाउल गेम खेल्न थाले।

राजा महेन्द्र पनि सत्ताका लागि महत्त्वाकाङ्क्षी थिए। १५ डिसेम्बर, १९६० मा राजाले पहिलो लोकतान्त्रिक निर्वाचित सरकार विघटन गरे र ३० वर्षसम्म दलविहीन पञ्चायत व्यवस्था लागू गरे।

तैपनि राजा महेन्द्र विदेशी मामिलामा आफ्नो दृष्टिकोणमा चतुर थिए। उनले विश्वका अन्य देशसँग नेपालको अन्तर्राष्ट्रिय सम्बन्धलाई उल्लेखनीय रूपमा विस्तार गरे र संयुक्त राज्य अमेरिका र चीनजस्ता ठूला विश्व शक्तिहरूसँग सम्बन्ध बलियो बनाए। उनको शासनकालमा नेपाल संयुक्त राष्ट्र सङ्घको सदस्य बन्यो। १९५५ को अफ्रो–एशियाई बाङडुङ सम्मेलनको परिणामस्वरूप असंलग्न परराष्ट्रनीति आएको थियो। राजा महेन्द्रको बुद्धिमत्ताले नै पश्चिमा राष्ट्रको ध्यान नेपालतर्फ तानेको थियो। त्यसैले निरङ्कुश प्रवृत्तिका बावजुद उनलाई नेपालको आधुनिक परराष्ट्र नीतिको शिल्पकार भनिन्छ। सन् १९५५ सम्म नेपालले आफ्नो परराष्ट्र नीति बनाएको थिएन र दिल्लीले अन्तर्राष्ट्रिय मञ्चमा नेपालको प्रतिनिधित्व गर्दथ्यो। सन् १९५५ देखि १९७२ सम्मको राजा महेन्द्रको शासनकालले हाम्रो विदेश नीतिमा परिवर्तन ल्यायो।

राजा वीरेन्द्रले पनि आफ्नो कार्यकालमा नेपाललाई असंलग्न राष्ट्रको रूपमा प्रवर्द्धन गर्न प्राथमिकता दिंदै देशलाई 'शान्ति क्षेत्र' घोषणा गरेका थिए। चीन र पाकिस्तान प्रस्तावलाई समर्थन गर्न तयार थिए तर भारतले ठाडै अस्वीकार गरेको थियो। अस्वीकार गर्नुको एउटै कारण थियो कि राजाले भारतसँग परामर्श नगरी यो निर्णय गरेको र यसले नेपालको परराष्ट्र नीतिमा नयाँ आयाम थपिने छ जसको परिणाम भारतीय प्रभावमा ह्रास आउने छ भन्ने लागेको थियो।

**असंलग्न परराष्ट्र नीतिः**

युध्दभन्दा अगाडिका साथीहरूले आआफ्नो ठाउँ बनाउन थाले। निश्चित मापदण्डपछि मात्र अन्तर्राष्ट्रिय सम्बन्धलाई महत्त्व दिनको लागि संयुक्त राष्ट्र सङ्घको स्थापना भयो (२४ अक्टोबर १९४५)। असंलग्न परराष्ट्र नीतिलाई प्राथमिकतामा राख्दै नेपालले परराष्ट्र नीतिमा नयाँ अध्यायको शुरूआत गर्‍यो। राजा महेन्द्रको सत्तारोहणपछि देशको राजनीतिक विकासलाई नयाँ बाटोमा डोर्‍यायो। त्यसपछि उनकै समयमा दुई महत्त्वपूर्ण घटना भए। पश्चिमा मुलुकहरूसँग कूटनैतिक सम्बन्ध र चिनियाँ कम्युनिस्ट सरकारसँग दौत्य सम्बन्ध, जसलाई नेपालको वैदेशिक सम्बन्धमा कोसेढुङ्गाको रूपमा लिइन्छ। सन् १९५५ लाई नेपालको परराष्ट्र नीतिको महत्त्वपूर्ण वर्षको रूपमा लिइन्छ। बाङ्डुङ सम्मेलनमार्फत, राजा महेन्द्रको दूरदर्शिताले, नेपालले पञ्चशीलको सिद्धान्तलाई आधार बनाउने अवसर प्राप्त गर्‍यो, अर्थात् असंलग्न परराष्ट्र नीतिको आधार तयार भयो। त्यस दिनदेखि नेपालको परराष्ट्र नीतिको दिशानिर्देश भयो जुन असंलग्न आन्दोलनमा नयाँ आयाम थियो। जसको सम्पूर्ण श्रेय राजा महेन्द्रलाई जान्छ।

**नेपालको परराष्ट्र नीतिको मूल उद्देश्यः**

नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनताको रक्षा गरी नेपालको आर्थिक समृद्धि र समृद्धिको प्रवर्द्धन गरी राष्ट्रको गरिमा अभिवृद्धि गर्नु नेपालको परराष्ट्र नीतिको मूल उद्देश्य हो। यसले विश्व शान्ति, सद्भाव र सुरक्षामा योगदान पुर्‍याउने उद्देश्य राखिएको छ।

नेपालको परराष्ट्र नीति निम्न आधारभूत सिद्धान्तहरूद्वारा निर्देशित छः

१. एकअर्काको क्षेत्रीय अखण्डता र सार्वभौमसत्ताको पारस्परिक सम्मान;
२. एकअर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने;
३. पारस्परिक समानता को सम्मान;
४. गैर–आक्रमण र विवादहरूको शान्तिपूर्ण समाधान;
५. पारस्परिक लाभको लागि सहयोग;
६. संयुक्त राष्ट्र सङ्घको बडापत्रमा अटल विश्वास; र
७. विश्व शान्तिको मूल्य

**राष्ट्रिय हितः** नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता र स्वाभिमानको रक्षा, नेपाली जनताको अधिकार, सीमा सुरक्षा, आर्थिक कल्याण र समृद्धि नेपालको राष्ट्रिय हितका आधारभूत तत्त्व हुनेछन्।
(स्रोतः नेपाल परराष्ट्र मन्त्रालयको वेबसाइट)

उद्देश्य र निर्देशिका जस्तोसुकै राम्रो लेखिएको भए पनि, के हाम्रो परराष्ट्र नीतिले देशको इज्जत र साख जोगाउन सकेको छ ?

**२०४६ पछिको कमजोर परराष्ट्र नीतिः**

नेपालमा सन् १९९० (२०४६) मा संसदीय प्रजातन्त्र पुनर्स्थापना भएपछि अन्य मुलुकसँग सम्बन्धमा उल्लेख्य प्रगति भएको छ। तर हाम्रो परराष्ट्र नीति निकै कमजोर भएको छ। वर्षौंदेखि राजनीतिक सङ्कटबाट गुज्रिरहेको मुलुकको परराष्ट्र नीतिले खासै महत्त्व पाउन सकेको छैन। तर तत्कालीन प्रधानमन्त्री केपीशर्मा ओलीले सन् २०१५ मा भारतको आर्थिक नाकाबन्दीपछि चीनसँग पारस्परिक सम्बन्ध अझ राम्रो बनाएका थिए।

विश्वका ठूला आर्थिक र सैन्य शक्तिहरूले नेपालप्रति चासो राखेकाले राजनीतिक दलहरूले देशको परराष्ट्र नीतिको दृष्टिकोणमा एकतर्फी समझदारी गर्नुपर्छ।

मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) राजनीतिक नेताहरूको अदूरदर्शिता (मायोपिक भिजन)ले विवादित बनेको छ। उनीहरूकै अदूरदर्शिताले गर्दा देश अहिले रणमैदान हुन पुगेको छ। एमसिसीले देशका जनतालाई विभाजित गरेको छ। आउँदो दिनमा हामीले अरू कति यस्ता कहालीलाग्दा दृश्यहरूको अवलोकन गर्नुपर्ने हो र देशलाई लीलामीमा राखेको टुलुटुलु हेर्नुपर्ने हो।


राष्ट्र निर्माता पृथ्वीनारायण शाहले धेरै सासाना राज्यहरूको एकीकरण गरी एकल र एकत्रित राज्य बनाई ज्यादै बहादुरी र दूरदर्शी नेपालको परराष्ट्र नीतिको जग बसालेका थिए। उनले अवलम्वन गरेको असंलग्नता र तटस्थताको नीति आजपर्यन्त उत्तिकै सान्दर्भिक छ। तर विडम्बना नै भन्नुपर्छ कि त्यसपछिका शासकहरूले त्यो गाथालाई कायम राख्न सकेनन्। अझ २०४६ पछि त प्रत्येक शासन परिवर्तनसँगै विदेश नीतिलाई नेताविशेषको रूपमा सिर्जना गरियो। अझ भन्नुपर्दा विदेशीको पाऊ पर्दै उनीहरूको कृपामा शासनमा रहने र उनीहरूले जे भने त्यही मान्नुपर्ने अवस्थामा देशको सार्वभौमसत्ता नै सुम्पिसकेको अवस्था छ। हामी आफैंसँग प्रश्न गरौं, के हामी सार्वभौम छौं ? आधुनिक संसार अन्तर्निर्भर प्रकृतिको छ। त्यसैले हामी एक अर्कामा आश्रित छौं। तथापि आफ्नो देशको अस्तित्व र सार्वभौमसत्ता जोगाइराख्न हामीले छिमेकी देशहरूसँग सम्बन्ध प्रगाढ बनाउँदै आफ्नो अस्तित्वको रक्षा गर्नु अवश्यम्भावी छ।

देशको अर्थतन्त्र जति कमजोर हुन्छ, छिमेकीको आधिपत्य त्यति नै सहनुपर्छ। राष्ट्रको आर्थिक वृद्धिका लागि रणनीतिक योजना र नीतिहरू निर्माण गर्नु नै अन्य देशहरूसँग सम्झौता र वार्ता गर्ने अन्तिम माध्यम हो जसले हाम्रो परराष्ट्र नीतिको आधारलाई पनि बलियो बनाउँछ।

## चोरीको मोटरसाइकलसहित एकजना पक्राउ

प्रस, वीरगंज, १६ फागुन/

जिल्ला प्रहरी कार्यालय, पर्साले चोरीको मोटरसाइकलसहित एकजनालाई पक्राउ गरेको छ। वीरगंज महानगर–२१ ताजपुर निवासी गोविन्द महतोको ना.२९प २८८३ नम्बरको मोटरसाइकल फागुन १३ गते घरअगाडिबाट चोरी भएको र सोही दिन राति ९ बजे परवानीपुर ढाटबाट बरामद भएको जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताए। मोटरसाइकल चोरीको कसूरमा सोही वडा निवासी ३६ वर्षीय दिनानाथप्रसाद महतोलाई पक्राउ गरिएको र चोरी मुद्दा दायर गरी कारबाई अगाडि बढाएको उनले बताए।





तस्वीर सौजन्यः जिप्रका, पर्सा

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# यसरी बन्यो व्याख्यात्मक घोषणाको वातावरण

काठमाडौँ, १६ फागुन/रासस

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले अमेरिकी सहयोग परियोजना एमसिसी सम्झौता पारित गर्न सहमति जुटाउने लक्ष्यका साथ प्रधानमन्त्री शेरबहादुर देउवालाई बालकोट पठाएको बताएका छन् ।



नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' । तस्वीरः रासस

अध्यक्ष प्रचण्डले एमसिसी सम्झौतालाई जस्ताको त्यस्तै पारित गर्ने केपी शर्मा ओलीको योजना रहेको भएपनि पछिल्लोपटक व्याख्यात्मक घोषणामार्फत जनमानसमा उठेका विषयको सम्बोधन गरिएको उल्लेख गरे ।

उनले सहमति जुटाउनका लागि भनेर नै प्रधानमन्त्रीलाई बालकोट पठाएको भएपनि सहमति जुट्न नसकेको स्पष्ट पारे । सोमवार आफ्नै निवासमा आयोजित पत्रकार सम्मेलनमा उनले भने, "बालकोट गएर सहमति गर्नुपर्‍यो भनेर प्रधानमन्त्रीलाई भनियो । उहाँ जानु पनि भयो, तर ओलीजीले सभामुख हटाउनुपर्ने, १४ सांसदलाई हटाउनुपर्ने जस्ता कुरा मात्रै उठाएपछि अवस्था बिग्रने देखियो ।"

अध्यक्ष दाहालले आइतवार प्रतिनिसभाबाट व्याख्यात्मक घोषणासहित एमसिसी सम्झौता पारित भएपछि आमरूपमा उठेका प्रश्न र जिज्ञासासमेत समाधान भएको र सकारात्मक परिणाम निकाल्ने विश्वास व्यक्त गरे । एमसिसी सम्झौतालाई जस्ताको त्यस्तै पारित गर्ने तयारीमा नेकपा हुँदाको अवस्थामा नै एमाले अध्यक्ष ओली लागेपछि विगतमा आफूहरूले नै रोकेको अध्यक्ष प्रचण्डको भनाइ थियो ।

तत्कालीन अवस्थामा आफूहरू संशोधनसहित पारित गर्नुपर्ने मतमा रहे पनि नेकपाका नौ सदस्यीय सचिवालयमा आफूसहित सातजना एमसिसी परिमार्जनसहित स्वीकार गर्नुपर्ने पक्षमा रहे पनि ओलीसहित दुईजना भने जस्ताको त्यस्तै पारित गर्नुपर्ने पक्षमा उभिएकोसमेत उनले खुलासा गरे । अध्यक्ष प्रचण्डले भने, "अहिले हामीले एमसिसीलाई एउटा निकास दिएका छौं । के होला ? कसो होला ? गठबन्धन बाँकी रहला कि नरहला भन्ने खालका अन्योल आइतवारदेखि अन्त्य भएको छ ।"

उनले पछिल्लोपटक आफैंले व्याख्यात्मक घोषणासहित एमसिसी सम्झौता पारित गर्ने प्रस्ताव ल्याएको जानकारी दिए । आइतवार प्रतिनिधिसभाले पारित गरेको व्याख्यात्मक घोषणाको कानूनी हैसियतसमेत प्राप्त हुने र यो महाकाली सन्धिमा गरिएको जस्तो सङ्कल्प प्रस्ताव नभएको उनको दाबी छ ।

अध्यक्ष प्रचण्डका अनुसार एमसिसी अनुमोदनका लागि १२ बुँदे व्याख्यात्मक घोषणाका लागि अन्तर्राष्ट्रिय कानूनका जानकार डा सूर्यप्रसाद सुवेदीको पत्रले काम गरेको जानकारी दिए । डा सुवेदीले दिएको पत्र देखाउँदै उनले भने, "डा सूर्यप्रसाद सुवेदी जो अन्तर्राष्ट्रिय कानूनका विद्वान् पनि हुनुहुन्छ, उहाँकै चार पेजको चिठीले मलाई मनोबल दियो ।" यस्तै दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)का पूर्वमहासचिव अर्जुनबहादुर थापासँगको भेटले पनि आफूलाई उपाय प्राप्त भएको बताए ।

भियना कन्भेन्सन अनुसार एउटा पक्षले आधिकारिक तवरले व्याख्यात्मक घोषणा गरेपछि त्यसले कानून सरहको मान्यता पाउनेमा आफू विश्वस्त भएर नै एमसिसी सम्झौता अनुमोदनका लागि तयार रहेको बताए । उनले त्यसो गर्दा संशोधन गर्न नपर्ने भएकाले त्यस्तो कदम

(बाँकी पाँचौं पातामा)

# भुस्याहा कुकुरविरुद्ध अभियान एक महीना ढिलो शुरू



भुस्याहा कुकुरलाई रिझाउन बिस्कुट खुवाएर रेबिजविरुद्धको खोप र बन्ध्याकरण गरिँदै । तस्वीरः प्रतीक

प्रस, वीरगंज, १६ फागुन/

भुस्याहा कुकुरहरूलाई रेबिजविरुद्धको खोप र बन्ध्याकरण अभियान शुरू भएको छ ।

बिन्दु आमा फाउन्डेशनको सहकार्यमा वडा नं ४ ले भुस्याहा कुकुरविरुद्ध अभियान शुरू गरेको हो । फाउन्डेशनकी प्रतिभा कोइरालाले खोपको अभाव र कोरोनाका कारण माघ १० गतेदेखि सञ्चालन हुनुपर्ने यो अभियान एक महीना ढिलो भएको बताइन् । उनले फागुन १४ गते शनिवारदेखि खोप दिने र भुस्याहा कुकुर व्यवस्थापन कार्य शुरू भएको बताइन् । उनले भुस्याहा कुकुरहरूलाई खोप दिने क्रममा ६० वटा कुकुरलाई रेबिजविरुद्ध खोप दिएको र उनीहरूको खाना, बासलगायतको व्यवस्थापन भइरहेको बताइन् ।

प्रारम्भिक अवस्थामा चार सयवटा खोप प्राप्त भएको र सोहीअनुरूप भुस्याहा कुकुरलाई खोप लगाउने उनले बताइन् ।

खोप दिनुअगावै उनीहरूलाई शनिवारदेखि नै खानाको व्यवस्थापन गरिएको कोइरालाले जानकारी गराइन् । अहिले विभिन्न कारणबाट घाइते भएका कुकुरहरूको स्याहारसुसार र उनीहरूलाई एक ठाउँमा राख्न रोटरी क्लबको अगाडिको खुला ठाउँमा व्यवस्थापन गरिने बताइन् ।

वडाध्यक्ष जगत साह कानूले आफ्नो वडाबाट भुस्याहा कुकुर व्यवस्थापन कार्य शुरू गरिएको बताए । उनले एक महीनाअगाडि पनि यो अभियानलाई सार्थकता प्रदान गर्न भुस्याहा कुकुरहरूलाई खाना खुवाउने अभियान शुरू गरिएको तर खोप अभावमा तोकिएको समयभन्दा केही दिन ढिला कार्यक्रम शुरू भएको बताए ।

# भ्रामक सूचना र दुष्प्रचारले लोकतन्त्रलाई हानि पुऱ्याउँछ -राजदूत बेरी



तस्वीरः रासस

काठमाडौँ, १६ फागुन/रासस

नेपालका लागि अमेरिकी राजदूत ऱ्यान्डी बेरीले स्वतन्त्र र निष्पक्ष निर्वाचन दिगो लोकतन्त्रको पहिचान भएको बताएका छन् ।

स्थानीय तहको आगामी निर्वाचनका लागि नेपाल मतदाता अधिकार मञ्चद्वारा सोमवार आयोजित तीन दिने प्रशिक्षक प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै उनले चुनावका समयमा आउन सक्ने भ्रामक सूचना र मिथ्या दुष्प्रचारबाट जोगिन सबैलाई सचेत र सजग हुन सुझाव दिए ।

निर्वाचनसँग सम्बन्धित भ्रामक र मिथ्या सूचनाको पहिचान र रोकथाम गर्न समाजका सबै पक्ष सचेत र सजग हुन आवश्यक रहेको बताउँदै उनले यस्ता दुष्प्रचारले अनलाइनलगायत सामाजिक सञ्जालमा विचलन ल्याउने मात्र नभई निर्वाचन र लोकतन्त्रलाई हानि पुऱ्याउने धारणा व्यक्त गरे ।

राजदूत बेरीले भने, "भ्रामक सूचना र दुष्प्रचारले नेपाललाई प्राप्त हुने वास्तविक प्रतिफलको क्षमतासमेतमा असर पार्छ, कोभिड-१९ खोपबारे मिथ्या सूचनाका कारण अमेरिकालगायतका मुलुकले ठूलो क्षति बेहोर्नुपर्‍यो । धेरै मानिसको अकालमा ज्यान गयो ।"

भ्रामक र गलत सूचनाका सन्दर्भमा नेपालको अनलाइनको अवस्था चिन्ताजनक रहेको उल्लेख गर्दै राजदूत बेरीले भने, "गलत सूचनाले मतदाताको सुसूचित गर्ने राजनीतिक क्षमतालाई समेत कमजोर तुल्याउँछ ।" निर्वाचनका समयमा सूचनाको आधिकारिकताबारे विश्वासिलो पुष्ट्याइँ नभएसम्म अरूलाई शेयर नगर्न उनले सुझाव दिए । उनले अरू कयौं देशले शताब्दीमा गर्न नसकेको राजनीतिक रूपान्तरण नेपालले छोटो समयमै हासिल गर्न सफल भएको उल्लेख गरे ।

आयोजक संस्थाका अध्यक्ष भक्त विश्वकर्माले उक्त प्रशिक्षक प्रशिक्षणमा मुलुकका सातै प्रदेशका १८ देखि ३० वर्ष उमेर समूहका समावेशी आधारमा छनोट गरिएका प्रशिक्षार्थीको सहभागिता रहेको जानकारी दिए ।



वीरगंज आदर्शनगरमा सञ्चालित तेस्रो मेयरकप खेलकुदको लागि आदर्शनगर खेलमैदान परिसर सफाइ गर्दै महिला सफाइकर्मीहरू । प्रतियोगिता एक महीनासम्म सञ्चालन हुनेछ । तस्वीरः पङ्ज श्रेष्ठ

# दोहोरो अङ्कले घट्यो नेप्से परिसूचक




काठमाडौँ, १६ फागुन/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमवार दोहोरो अङ्कले ओरालो लागेको छ । अघिल्लो दिन ७.७३ अङ्कले घटेको नेप्से परिसूचक आज ४३.१० अङ्कले ओरालो लागेर दुई हजार ६१०.६० मा आएको छ ।

नेपाल स्टक एक्सचेन्जका अनुसार आज ठूला कम्पनीको शेयर कारोबार मापक गर्ने सेन्सेटिभ परिसूचक ६.६४ अङ्कले ओरालो लागेर ५००.२१ मा ओर्लेको छ ।

आज कुल २२७ कम्पनीको ७८ लाख ३४ हजार ९१५ कित्ता शेयर रु तीन अर्ब ६६ करोड एक लाख ८९ हजार ८६८ मा कारोबार भएको छ ।

नेप्सेका अनुसार बैंकिङ १५.३३, व्यापार ८२.४१, होटल तथा पर्यटन २४.९३, विकास बैंक ७३.९१, जलविद्युत् १०२.३४, वित्त ४६.१९, निर्जीवन बीमा २८६.६९, उत्पादन १२९.३४, अन्य ३५.६ लघुवित्त ६२.३५, जीवन बीमा २९५.५, सामूहिक लगानी कोष ०.०२ र लगानी १.९१ अङ्कले ओरालो लागेको छ ।

त्यस्तै, कारोबारका आधारमा अपी पावर कम्पनी शीर्ष स्थानमा छ । अपीको रु १६ करोड नौ लाख ९९ हजार ८४५ मूल्य बराबरको कारोबार भयो । यस्तै, अरुण भ्याली हाइड्रोपावर कम्पनी रु १४ करोड ९४ लाख ५२ हजार ४६७, हिमालयन डिस्टिलरी रु १३ करोड ३६

(बाँकी पाँचौं पातामा)

# गाँजा बरामद मानिस फरार



प्रस, वीरगंज, १६ फागुन/

सशस्त्र प्रहरीले पाँच किलो ३५० ग्राम गाँजा बरामद गरेको छ ।

सशस्त्र प्रहरीका प्रवक्ता एवं सशस्त्र प्रहरी नायब निरीक्षक सन्तोष बस्नेतले ठोरी गाउँपालिका-४ निर्मलबस्तीमा रहेको सशस्त्र प्रहरीको पैदल गस्तीले मोटरसाइकल रोकी चेकजाँच गर्दा मोटरसाइकलसहित मानिस फरार भएको र निजले मोटरसाइकलमा राखेको गाँजा पाँच किलो ३५० ग्राम बरामद भएको बताए ।

बरामद गाँजा इप्रका, ठोरीको जिम्मा लगाएको उनले जानकारी गराएका छन् ।

# रूस–युक्रेन द्वन्द्व : २४४ नेपाली सुरक्षित गन्तव्यमा

काठमाडौँ, १६ फागुन/रासस

रूस–युक्रेन द्वन्द्वका कारण प्रभावित २४४ नेपाली सुरक्षित आफ्नो गन्तव्यमा पुगेका छन् । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) द्वारा गठित 'रूस–युक्रेन द्वन्द्व प्रभावित नेपालीको सहयोग एवं उद्धार उच्चस्तरीय समिति'ले नेपाली सुरक्षित गन्तव्यसम्म पुगेको जनाएको छ ।

आज एक प्रेस विज्ञप्ति जारी गर्दै समितिले युक्रेन छाडेर पोल्यान्डमा ६०, स्लोभाकिया र रोमानियामा १२/१२, हङ्गेरीमा चार र माल्डावामा दुईजना सकुशल पुगेको जनाएको छ । सुरक्षित गन्तव्य जाने क्रममा पोल्यान्डको सीमामा १३०, स्लोभाकियाको सीमामा १२, रोमानियाको सीमामा १० र माल्डावाको सीमामा दुई नेपाली दोस्रो मुलुक जान रोकिएका छन् ।

उनीहरूले आज साँझसम्म सीमा क्रस गर्न सक्ने अनुमान गरिएको छ । गैरआवासीय नेपाली सङ्घ युक्रेनका अनुसार युक्रेनमा ४० परिवार स्थायी रूपमा बसोवास गर्दै आएका छन् । उच्चस्तरीय समितिका अध्यक्ष जर्मनीका लागि नेपाली राजदूत रामकाजी खड्काको अध्यक्षतामा आइतवार बसेको बैठकले युद्धका कारण विस्थापित नेपालीको सुरक्षित स्थानान्तरणका लागि आवश्यक पहल गर्ने निर्णय गरेको थियो ।

बैठकमा राजदूत खड्काले युक्रेनबाट विस्थापित ३४ नेपालीलाई दूतावासले यात्रा अनुमतिपत्र जारी गरेको जानकारी गराएका थिए । उच्चस्तरीय समितिका संयोजक तथा एनआरएनएका उपाध्यक्ष डा बद्री केसीले सङ्घका अध्यक्ष कुमार पन्त नेपालीको उद्धारका लागि पोल्यान्डको सीमा क्षेत्रमा आफैं पुगेको जानकारी दिए ।

# सूचना आयोगका सुझाव कार्यान्वयन हुने आशा

-आदित्य दाहाल

काठमाडौं, १६ फागुन/रासस

खुला र पारदर्शी शासन प्रणालीका लागि सार्वजनिक निकायका सूचनामा नागरिकको पहुँच सहज बनाउन राष्ट्रिय सूचना आयोग स्थापना भए पनि यसले सरकारलाई बुझाएको १२ वार्षिक प्रतिवेदनको खास कार्यान्वयन भएको देखिँदैन। आयोगले कार्यान्वयनका लागि दबाब दिन पनि सकेको छैन।

आयोगले आर्थिक वर्ष २०७७-७८ को वार्षिक प्रतिवेदन अघिल्लो महीना प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष बुझाएको छ। आयोगको प्रतिवेदन बुझ्दै प्रधानमन्त्री देउवाले आयोगका सुझाव कार्यान्वयन गर्न सरकार सकारात्मक रहेको र संसद्मा छलफलका लागि पठाइने आश्वासन दिए। आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ भन्छन्-"विगतको सुझावजस्तै हामीले दिएको यस वर्षको सुझावमा सरकार गम्भीर भएर कार्यान्वयनका लागि लाग्छ भन्ने आयोगको विश्वास छ। सुझाव कार्यान्वयन हुँदा सूचनाको हक कार्यान्वयन हुने पक्ष थप मजबुत बन्छ। यसबारे देशका सबै नागरिक अझै धेरै सुसूचित हुने थिए र सो अधिकार प्रयोग गर्नेले गर्व गर्ने विषय बन्ने थियो।"

**आयोगका सुझाव**

सार्वजनिक निकायमा सूचना अधिकारी तोक्ने र स्वतः प्रकाशन गर्ने कार्यको प्रभावकारी कार्यान्वयनका लागि उच्च तहबाट नै जिम्मेवारी लिने र समन्वय गर्ने व्यवस्था गर्नुपर्ने आयोगको सुझाव छ। केन्द्रमा प्रधानमन्त्री वा प्रधानमन्त्रीले तोकेको वरिष्ठ उपप्रधानमन्त्रीका संयोजकत्वमा समन्वय समिति तथा प्रदेश र स्थानीय तहका सार्वजनिक निकायमा प्रदेशका मुख्यमन्त्रीको संयोजकत्वमा समन्वय समिति गठन गर्नु उपयुक्त हुने आयोगको आव २०७६-०७७ को सुझाव हालसम्म कार्यान्वयन भएको छैन।

सूचना अधिकारीलाई सक्षम, सबल र अधिकारसम्पन्न बनाइराख्न प्रशिक्षणको व्यवस्थाका साथै उचित स्रोतसाधनको व्यवस्था गर्नुपर्ने आयोगको सुझाव छ। त्यसका लागि मोबाइल सेटका साथै इन्टरनेटको सुविधा दिन आयोगले सुझाएको छ। सूचना अधिकारी तोक्दा प्रमुखभन्दा एक तह मुनिका पदाधिकारी तोक्न आयोगले भनेको छ। साथै ५० भन्दा बढी कर्मचारी र रु २० करोडभन्दा बढी बजेट भएका निकायमा छुट्टै सूचना शाखा स्थापना गर्न आयोगले सुझाव दिंदै आएको छ।

सिंहदरबारभित्रका मन्त्रालय र कार्यालयमा नागरिकले सहज प्रवेश पाउन नसक्दा सूचना मागकर्तालाई असहज भएकोले प्रवेशद्वारमा सूचनाको हकसम्बन्धी कक्ष राख्नुपर्ने आयोगको सुझाव छ। आयोगले सोही ढोकाबाट सूचना मागकर्ताको आवेदन दर्ता गर्ने व्यवस्था मिलाउन, दर्ता निवेदन सम्बन्धित निकायमा पुऱ्याउनुका साथै सार्वजनिक निकायबाट प्राप्त सूचना मागकर्तालाई सहज उपलब्ध गराउने व्यवस्था मिलाउन सुझाव दिएको छ।

ऐनको दफा २७ अनुसार सूचना वर्गीकरण कानूनसम्मत नहुँदा पटकपटक अदालतले वर्गीकरण प्रयासलाई रोक लगाएकोले कानून अनुसार वर्गीकरण गर्न आयोगले हरेक वर्ष सिफारिश गर्दै आएको छ। सूचनादाताको हक संरक्षणसम्बन्धी नियमावली ल्याउन आयोगले अर्को सुझाव दिए पनि तर्जुमा नहुँदा गोपनीयता खुल्ने डरले भ्रष्टाचारजन्य गतिविधिको खुलासा हुन सकिरहेको छैन।

सार्वजनिक निकायले प्रकाशन तथा प्रसारण गर्ने सूचना अधिकतम नागरिकका पहुँचमा पुऱ्याउन स्थानीय भाषा प्रयोग गर्न आयोगले सरकारलाई सुझाव दिएकोमा केही स्थानीय तहले स्थानीय भाषामा सूचना प्रवाह गर्न थालेका छन्। आयोगबाट भएका आदेश र फैसला कार्यान्वयन नगर्ने र सूचना नदिएबापत सजाय पाएकाहरूलाई बढुवा नगर्ने तथा राजनीतिक नियुक्ति नगर्ने भनी आयोगले दिएको सुझाव कार्यान्वयन हुन सकेको छैन।

आयोगले हरेक वर्ष सार्वजनिक गर्ने प्रतिवेदनमाथि व्यवस्थापिका संसद् र संसदीय समितिमा छलफल हुने गरेको छैन। आयोगले यसै वर्षदेखि प्रदेश सरकारमार्फत प्रदेशसभा र स्थानीय तहसम्म प्रतिवेदन उपलब्ध गराउने भएको छ जसले सूचनाको हकसम्बन्धी व्यवस्था र कानून पालना गराउन थप टेवा पुग्ने जनाइएको छ।



तस्बीरः फाइल

सूचनाको हक अनुसार गोप्य राख्नुपर्ने भनी तोकिएकाबाहेक विषयमा कुनै कुरा गोप्य हुने वा रहनेगरी कानून निर्माण तथा संशोधन नगर्न आयोगले सुझाव दिएको छ। आयोगले संसद्का विषयगत समिति, प्रदेशसभा विषयगत समिति र स्थानीय तहलाई उक्त सुझाव दिएको हो। सार्वजनिक निकायसँग माग भएका र प्राप्त सूचनाको अभिलेख राख्न, आयोगलाई अनिवार्यरूपमा उपलब्ध गराउन र स्वतः प्रकाशन गर्न सरकारको निर्देशन हुनुपर्ने सुझाव दिइएको छ। यस्तो अभिलेखबाट सूचनाको हकको प्रयोग र कार्यान्वयनको अवस्थाबारे जानकारी हुने हुँदा आगामी दिनमा रणनीतिक कार्यका लागि सहयोग पुग्ने आयोगले बताएको छ।

सूचनाको हकसम्बन्धी कार्यक्रम सञ्चालनका लागि आयोगलाई पर्याप्त बजेट उपलब्ध गराउन आयोगले सुझाव दिएको छ। आयोगले बजेट प्रस्तावमार्फत लगिएका धेरै प्रभावकारी कार्यक्रम काटिने र उद्देश्यानुसार काम गर्न नपाएकाले एकमुस्ट बजेट र कानूनको परिधिभित्र रही स्वीकृत कार्यक्रममा खर्च गर्न पाउने व्यवस्था हुनुपर्ने सुझाव दिएको छ।

सूचनाको हकसम्बन्धी आउने उजूरी र पुनरावेदन प्रक्रियालाई सहज र प्रभावकारी बनाउन प्रत्येक प्रदेशमा सम्पर्क कार्यालय खोल्नका लागि सुझाव दिइएको छ। आयोगको आफ्नो छुट्टै भवन र जग्गा नभएकोले यसको कार्यालय स्थानान्तरण भइरहने समस्या छ। वर्षैपिच्छे भाडासमेत बढ्ने हुँदा यसको आर्थिक भार पनि रहेकोले छुट्टै भवन वा जग्गा उपलब्ध गराई भवन निर्माण गर्ने व्यवस्था गर्न सरकारलाई सुझाव दिइएको छ।

आयोगमा आफ्नै कर्मचारी नहुने र सरकारबाट खटी आउने कर्मचारी निश्चित अवधिपछि सरुवा भएर जाँदा कामकारबाईमा असहज भएकोले राष्ट्रिय मानव अधिकार आयोगजस्तै यसले पनि आफ्नै कर्मचारी राख्न पाउने व्यवस्था गर्नुपर्ने सुझाव दिइएको छ।

नेपालको संविधानको धारा २७ मा रहेको सूचनाको हक अन्तर्गत "तर कानूनबमोजिम गोप्य राख्नुपर्ने सूचना दिन बाध्य गरिने छैन" भन्ने वाक्यांश संशोधन गरी "तर सूचनाको हकसम्बन्धी कानूनमा प्रवाह नगरिने भनिएका सूचना दिन कसैलाई बाध्य गरिने छैन" बनाउन सुझाव दिइएको छ। त्यस्तै सूचना आयोगलाई पनि संवैधानिक आयोग बनाउनुपर्ने सुझाव दिइएको छ।

सूचनाको हकसम्बन्धी ऐनमा सार्वजनिक निकाय भनेको स्पष्ट भए पनि गैरसरकारी संस्था र निजी क्षेत्रका सन्दर्भमा स्पष्ट हुनेगरी परिभाषित गर्न आयोगले सुझाएको छ। त्यस्तै तीन-तीन महीनामा स्वतः प्रकाशन गर्नुपर्ने विवरण सार्वजनिक हुन सकेको छैन। सार्वजनिक नगरे दण्ड हुने वा बजेट रोक्का गरिने वा अन्य विभागीय सजाय हुनेगरी प्रस्ट व्यवस्था गर्न आयोगको सुझाव छ। सूचना उपलब्ध गराउने कार्यविधि छोटो बनाई सूचनाको सामान्य, मध्यम र जटिल वर्गीकरण गरी १० देखि १५ दिनभित्र उपलब्ध गराउने कार्यविधि बनाउनुपर्ने आयोगको सुझावमा उल्लेख छ। आयोगका पदाधिकारीको निरन्तरताका लागि प्रत्येक साढे दुई वर्षमा एक आयुक्त नियुक्त गर्ने व्यवस्था मिलाउन आयोगले सरकारलाई सुझाव दिएको छ। त्यस्तै मन्त्रालयबाट हुने निर्णय र सूचना प्रवाहका लागि मन्त्रिपरिषद्लाई एउटा सार्वजनिक निकाय मानेर सूचना अधिकारी तोक्ने गरी कानूनी व्यवस्था मिलाउन आयोगले सरकारलाई सुझाव दिएको छ।

विद्युतीय सञ्जालबाट सूचना माग्ने, पाउने र पुनरावेदन गर्ने कुरालाई वैधानिकता दिनेगरी नियमावली थप गर्नुपर्ने आयोगको सुझावमा उल्लेख छ। त्रिवि वा अन्य कुनै विश्वविद्यालयमा सूचनाको हकसम्बन्धी छुट्टै विभाग स्थापना गर्नुपर्ने आयोगको सुझाव छ। सो विधाको अध्ययनले नेपालको लोकतन्त्र र स्थायित्वका लागि बल पुग्ने हुँदा सो विषयमा स्नातक र स्नातकोत्तर गरेकालाई छुट्टै सेवा समूह गठन गरी सूचना अधिकारी तोक्न सकिने आयोगको सुझावमा उल्लेख छ। त्यस्तै कक्षा ६, ७, ९ र ११ मा मात्र सो विषयको पाठक्रम समावेश भएकोले कक्षा ८ र १२ मा पनि गर्नुपर्ने सुझाव दिइएको छ।

सूचनाको हक कार्यान्वयनलाई पनि कार्यसम्पादन मूल्याङ्कन र आधार बनाउन आयोगले सरकारलाई सुझाव दिएको छ। सार्वजनिक निकायमा कार्यरत पदाधिकारी तथा कर्मचारी जनताप्रति बढी जवाफदेह बनाउन सोलाई मूल्याङ्कनको आधार बनाउन आयोगको सुझाव छ।

सार्वजनिक निकायमा हुने वा भएको बेथिति, अनिमियमितता र भ्रष्टाचार नियन्त्रणमा तत्काल तदारुकता आवश्यक भएको आयोगले सुझाएको छ। ऐनको दफा २९ को व्यवस्थालाई थप स्पष्ट र प्रभावकारी बनाउन सूचनादाताको संरक्षणसम्बन्धी नियमावली पारित गरी कार्यान्वयनमा ल्याउन आयोगले सरकारलाई सुझाव दिएको हो। सरकारी कर्मचारीलाई पद तथा गोपनीयताको सट्टा पारदर्शिताको शपथ गराउनुपर्ने आयोगको सुझाव छ।

सात सय ५३ वटै स्थानीय तहमा सूचना प्रवाहको प्रबन्ध गर्नका लागि उपप्रमुख वा उपाध्यक्षका संयोजकत्वमा स्थानीय सञ्चारकर्मी, सूचनाको हकका अभियानकर्मी र नागरिक समाजका प्रतिनिधिसमेत रहनेगरी सूचना प्रवाहको जिम्मेवार सञ्जाल गठन गर्नुपर्ने आयोगको सुझावमा उल्लेख छ।

आयोगका तर्फबाट अदालती प्रक्रियामा महान्यायाधिवक्ताको कार्यालयले अनिवार्यरूपमा बहसपैरवी गर्नुपर्ने कानूनी व्यवस्था बनाउनुपर्ने आयोगको सुझाव छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ सँग बाझिएका कानूनका प्रावधानलाई केही नेपाल ऐन संशोधन गरी परिमार्जन वा संशोधन वा खारेज गर्न आयोगले सुझाव दिएको छ। सबै सार्वजनिक निकायमा तथ्याङ्कलाई नागरिकले निर्बाध उपयोग र वितरण गर्न सक्नेगरी मेशिन रिडेबल फर्म्याटमा सार्वजनिक गर्न आयोगले सरकारलाई सुझाव दिएको छ।

आयोगका महत्त्वपूर्ण सुझाव कार्यान्वयन गर्नुपर्ने दायित्व सङ्घीय सरकार र अझ यसलाई अगाडि बढाउनुपर्ने दायित्व सूचना प्रविधि तथा सञ्चार मन्त्रालयको हो। यस विषयमा सूचना प्रविधि तथा सञ्चार मन्त्रालयका प्रवक्ता विनोदप्रकाश सिंह भन्छन्- "आयोगबाट प्राप्त हुने सुझाव कुनै पनि कार्यान्वयन भएको छैन भन्ने कुरा साँचो होइन। आयोगले दिएका सबै सुझाव कार्यान्वयन हुन्छ भन्ने पनि छैन। यसमा पनि नीति, नियम, ऐन, कानून हेरेर कुनकुन सुझाव कार्यान्वयनका लागि कानून अनुसार योग्य छन् र कुन छैनन् भन्ने हुन्छ। मन्त्रालयले सोही आधारमा आयोगको सुझाव कार्यान्वयन गर्ने हो।"

आयोगले यस वर्ष तेह्रौं प्रतिवेदनमार्फत पनि सरकारलाई थप सुझाव दिएको छ। सन् २०३० सम्म संयुक्त राष्ट्रसङ्घले निर्धारण गरेको दिगो विकास लक्ष्य हासिल गर्नका लागि नेपाल योजनाबद्ध रूपमा अगाडि बढिरहेकोमा सो लक्ष्यको १६.१०.२ मा रहेको सूचनामा पहुँचसम्बन्धी सूचाङ्क प्राप्तिका लागि सन्तोषजनक अवस्था नरहेकोले यसप्रति सरकारको ध्यान जानुपर्ने आयोगको सुझाव छ।

नेपालमा पारदर्शी, सहभागितामूलक, समावेशी र जवाफदेही शासन प्रवर्द्धनका लागि खुला सरकारसम्बन्धी अभियान शुरू भएको छ। आयोगले विगतमा सरोकार पक्षसँग व्यापक छलफलपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा खुला सरकारसम्बन्धी बुझाएको कार्ययोजना यथावत् छ। सरकारले उक्त कार्ययोजनालाई आधार मानेर थप काम गर्न आवश्यक ठानेमा आयोग तत्पर रहेको सुझावमा भनिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको नेतृत्वमा केन्द्रीय अनुगमन एकाइ, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको नेतृत्वमा कार्यान्वयन अनुगमन एकाइ, प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवको नेतृत्वमा प्रदेश अनुगमन एकाइ र जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला अनुगमन एकाइ रहने व्यवस्था गरिएको छ। ती समिति वा एकाइले नियमितरूपमा सूचनाको हकको कार्यान्वयनको अनुगमन, सहजीकरण तथा समन्वय गरी-गराई आयोगमा समेत त्रैमासिक प्रतिवेदन पेश गर्ने व्यवस्था भए पनि हालसम्म कुनै पेश भएको छैन। कानूनबमोजिम सिर्जना भएका यस्ता समिति सक्रिय बनाई सूचनाको हक कार्यान्वयनलाई सशक्त बनाउन आयोगले सरकारलाई सुझाव दिएको छ।

पारदर्शिता तथा सुशासनका लागि कुनै पनि निकायले रु २५ हजारभन्दा बढी भुक्तानी हुनासाथ सोसम्बन्धी विवरण वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था भए पनि यस्तो व्यवस्था कार्यान्वयनमा शिथिलता छ। खर्च स्वतः सार्वजनिक गर्ने व्यवस्थाबाट पारदर्शिता र जवाफदेहिता कायम गरी सुशासन कायम गर्न सघाउ पुग्ने हुँदा यस्तो व्यवस्था कार्यान्वयन गराउन आयोगले सुझाव दिएको छ।

यी सुझाव कार्यान्वयनका लागि यस वर्ष पनि सूचना आयोगले सरकारलाई सुझाएको छ। विगतका कार्यान्वयन हुन बाँकी सुझाव र हालका मुख्य सुझावलाई गम्भीरताका साथ लिन आयोगले सरकारलाई आग्रह गरेको छ।

नेपाल पत्रकार महासङ्घका पूर्वसभापति धर्मेन्द्र झा सरकार, राजनीतिक दल र कर्मचारीतन्त्र तीनै निकाय वा संस्थाले आयोगको सुझाव ग्रहण गरी कार्यान्वयन पक्षलाई यथाशीघ्र अगाडि बढाउनुपर्ने बताउँछन्। सूचनाको हकका लागि राष्ट्रिय महासङ्घका अध्यक्ष उमिद बागचन्द भने आयोग सुझाव मात्रै दिएर पन्छिन नपाउने स्पष्ट गर्दै सुझाव कार्यान्वयन गराउन सकेमा मात्रै आयोगको स्थापनाको उद्देश्य पुष्टि हुने कुरामा जोड दिन्छन्। पत्रकार बबिता बस्नेत पनि सुझाव कार्यान्वयन कसरी गराउने भन्नेतर्फ आयोग आफैं अग्रसर हुन जरूरी रहेको स्पष्ट गर्छिन्। आयोगलाई संवैधानिक नबनाइएकोले पनि सुझाव कार्यान्वयनको अवस्था फितलो भएको उनको ठम्याइ छ।

## फरक समाचार

# रूस-युक्रेनबीच साइबर युद्ध तीव्र गतिमा

रूस-युक्रेनबीच साइबर वार (युद्ध) तीव्र भएको छ। रूसले युक्रेनी सङ्गठनहरूसँग सम्बन्धित सिस्टमको तथ्याङ्क स्थायीरूपमा नष्ट गर्न एउटा नयाँ विनाशकारी मैलवेयर उपयोग गरिरहेको छ।

युक्रेनमाथि रूसले आक्रमण गरेको कारण ह्याकिङ समूहले विश्वस्तरमा आफ्नो गतिविधि बढाएको छ जबकि रूस समर्थित हैकर्सले पहिले नै थुप्रै युक्रेनी सरकारी वेबसाइट, बैंकमाथि निशाना लगाइसकेका छन्।




त्यस्तै एउटा प्रमुख हैकिङ समूहले पश्चिमी सहयोगीका साथ गठबन्धन गरेको छ र रूसमा निशाना बनाइरहेको छ। समूहले ट्वीट गर्दै भनेको छ, बेनामी समूह आधिकारिकरूपमा रूसी सरकारविरुद्ध साइबर युद्धमा छ।

आइबिएम सिक्योरिटी एक्स-फोर्स टीम अनुसार युक्रेनी सिस्टममाथि प्रहार गरिरहेको नयाँ विनाशकारी 'हर्मेटिकवाइपर' मैलवेयरको एउटा नमूना प्राप्त गरेको छ। बयानमा भनिएको छ, हर्मेटिकवाइपर हालै देखिएको दोस्रो विनाशकारी मैलवेयर परिवारको हो, जुन पछिल्लो दुई महीनामा युक्रेनका सङ्गठन तथा पूर्वी युरोपका अन्य देशलाई निशाना बनाइरहेको छ। हाइब्रिड अपरेशन्स समर्थनमा नागरिक लक्ष्यविरुद्ध विनाशकारी साइबर हमलाको सम्भावना जारी रहने छ। यस अलावा एक्स-फोर्सको भनाइ छ, यो सम्भावना छ कि साइबर हमला चलिरहेको बेला सङ्घर्षको दायरालाई समानान्तररूपमा विस्तारित गर्नेछ।

यसबीच बेनामी हैकर्सले दाबी गर्दै रूसी रक्षा मन्त्रालयको वेबसाइटको डाटाबेस लिक गरेको छ। हैकर्स समूहले शुक्रवार ट्वीट गर्दै भनेको छ, हामीसँग रूसी रक्षा मन्त्रालयको सबै निजी डाटासम्म पहुँच छ। ट्वीटलाई पछि हटाइएको थियो, किनभने यसले ट्वीटरको नियम उल्लङ्घन गरेको थियो।

रूसबाट सञ्चालित एउटा राज्य प्रायोजित समूह कोन्टीले भ्लादिमिर पुटिनको कार्यको समर्थन गरिरहेको छ। कोन्टीले डार्क वेबमा आफ्नो साइटमाथि एउटा सन्देश पोस्ट गर्दै भनेको छ, कोन्टी टीम आधिकारिकरूपमा रूसी सरकारको लागि पूर्ण समर्थनको घोषणा गर्दछ। रिपोर्ट अनुसार यदि कोही रूसविरुद्ध साइबर हमला वा कुनै पनि युद्ध गतिविधि आयोजित गर्ने निर्णय गर्दछ भने हामी दुश्मनको महत्त्वपूर्ण संरचनामाथि हमला गर्न आफ्नो सम्पूर्ण संसाधन उपयोग गर्नेछौं।

युक्रेनमाथि रूस आक्रमणको बीच बेलारूसी राज्य-प्रायोजित हैकर्स युक्रेनी सैन्यकर्मीको निजी इमेल ठेगानामाथि पनि निशाना बनाउँदैछन्। युक्रेनको कम्प्युटर इमर्जेन्सी रेस्पोन्स टीमले फेसबूक पोस्टमा भनेको छ, ठूलो मात्रामा फिशिङ अभियान युक्रेनको सैन्यकर्मीको निजी खातालाई निशाना बनाइरहेको छ। यी गतिविधिको पछाडि युएनओ ११५१ नामक मिन्स्कस्थित समूहको हात पाइएको छ। यसको सदस्य बेलारूस गणराज्यको रक्षा मन्त्रालयका अधिकारी हुन्। रिपोर्टमा भनिएको छ, ठूलो सङ्ख्यामा साइबर हमलाको साथ युक्रेनी सरकारी वेबसाइट, बैंकहरूमाथि हमलापछि रूसद्वारा प्रायोजित हैकर अब एउटा पूर्ण युद्धको बीच स्थानीयवासीलाई चुप गराउनको लागि युक्रेनको इन्टरनेटको आधारभूत ढाँचामाथि हमला गरिरहेका छन्।


रूसले युक्रेनमाथि बिहीवार आक्रमण शुरू गर्नुभन्दा पहिले नै साइबर आक्रमणले युक्रेनको केही भागमा इन्टरनेट कनेक्टिभिटी काटेको थियो। युक्रेनी सरकारी साइटविरुद्ध रूसले डिडिओएस हमला गरेको थियो। पूर्ण ब्लैकआउटको मतलब नेटवर्कस्तरमा दूरसञ्चारको आधारभूत ढाँचालाई रूसले अक्षम गर्नुपर्ने हुन्छ। यसमा कमसेकम दुई अन्य हैकर समूहले घोषणा गरेका थिए कि उनीहरू रूसलाई समर्थन गर्दैछन्।

युक्रेनविरुद्ध युद्धमा रूस गएपछि इरानी खुफिया सुरक्षा मन्त्रालयसँग सम्बन्धित हैकर्स, जसलाई मड्डीवाटर भनिन्छ, सक्रिय भएको छ। यसले एशिया, अमेरिका, युके, साइबर कानून अधिकारीसहित वैश्विकस्तरमा सङ्गठनहरूलाई चेतावनी दिंदै भनेको छ, अन्य दुर्भावनापूर्ण हमला सञ्चालन गर्न हामी बगको फाइदा उठाइरहेका छौं।

हर्मेटिकवाइपर हालै देखिएको दोस्रो विनाशकारी मैलवेयर परिवार हो। यसले हाइब्रिड अपरेशन्सको समर्थनमा विनाशकारी साइबर हमलाको सम्भावनालाई जारी राख्नेछ।

# कपाल कालो गर्ने घरेलु विधि

व्यस्त जीवनशैलीको कारण उमेरभन्दा अगावै कपाल सेतो हुन्छ। कपाल सेतो भएपछि विभिन्न केमिकल मिश्रण मेंहदी लगाएर केही समयको लागि कपाल कालो गर्न सकिन्छ तर त्यसले पछि नकारात्मक असर गर्छ। तसर्थ घरेलु उपचार विधि अँगालेर सेतो कपाल कालो गर्न सकिन्छ।



**अमला-** अमलाको चारवटा टुक्रालाई नरियलको तेलमा उमाल्ने। यो तेललाई तबसम्म उमाल्नुपर्छ जबसम्म अमलाको रङ्ग जाँदैन। यस तेललाई टाउकोमा मालिश गर्नुपर्छ।

**नरियलको तेल-** नरियलको तेलमा कागतीको केही थोपा मिसाएर टाउकोमा मालिश गर्दा कपालमा चमक आउँछ। साथै नरियलको तेलमा नीमको पात, जवाकुसुमको फूल मिसाएर तातो गरी टाउकोमा मालिश गर्नुपर्छ।

**लौका-** लौकालाई सुकाएर नरियलको तेलमा उमाल्ने। तेललाई छानेर सातामा दुई तीनपटक कपालमा लगाएर १० मिनेटसम्म मालिश गर्ने।

**अरन्डी र सर्स्यूंको तेल-** यसको लागि एक चम्चा अरन्डी र २ चम्चा सर्स्यूंको तेल तताउने। त्यसपछि तेल मनतातो भएपछि कपालको जरामा लगाएर १० मिनेटसम्म मालिश गर्ने। ४५ मिनेटपछि ताजा पानी र शैम्पु लगाएर कपाल धुनुपर्छ। - प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## रूससँग वार्ताको लागि युक्रेनी प्रतिनिधिमण्डल बेलारुसमा छ -स्पुतनिक

मस्को, १६ फागुन/सिन्हवा

रूससँग वार्ताका लागि युक्रेनी प्रतिनिधिमण्डल अहिले बेलारूस पुगेको जनाइएको छ । स्पुतनिकले सोमवार युक्रेनका पाँच सदस्यीय प्रतिनिधिमण्डल वार्ताका लागि बेलारूस पुगेको बताइएको छ ।



तस्वीरः सिन्हवा

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले छिमेकी मुलुक युक्रेनमाथि सैन्य आक्रमण शुरू गरेको गत बिहीवार बिहान घोषणा गरेका थिए । टेलिभिजनबाट प्रत्यक्ष सम्बोधन गर्दै राष्ट्रपति पुटिनले युक्रेनको पूर्वीक्षेत्रमा आक्रमण केन्द्रित गरिएको र त्यो रूसको आत्मरक्षाका लागि भएको दाबी गरेका थिए ।

रूसले बिहीवार आक्रमण गरेयता दशौं हजार युक्रेनी देश छोडेर भागेका छन् । संयुक्त राष्ट्रसङ्घ शरणार्थी निकाय, युएनएचसीआरले बताए अनुसार अहिलेसम्म कम्तीमा तीन लाख ७० हजार मानिस यस युद्धबाट बच्न विभिन्न विदेशी मुलुकमा शरण लिन पुगेका छन् ।

यदि स्थिति थप खराब बनेमा युएनएचसीआरले ४० लाखसम्म युक्रेनी शरणार्थीको व्यवस्थापन गर्ने योजना बनाएको छ । पोल्याण्ड, रोमानिया, हङ्गेरी र माल्दोभामा युक्रेनी नागरिकले शरण लिएका प्रारम्भिक सूचना छ ।

**युरोपियन युनियनद्वारा रूसका उडानमाथि प्रतिबन्ध**

ब्रसेल्स/सिन्हवा

युरोपियन युनियनले सबै युरोपियन देशका आकाशमा रूसका उडानहरूमाथि प्रतिबन्ध लगाएको छ । युरोपियन कमिशनका अध्यक्ष उर्सुला भोन डेर लियोनले सो कुराको जानकारी दिएका हुन् । उनले रूसका सबै प्रकारका उडान बन्द गराइएको आइतवार विज्ञप्तिमार्फत जानकारी दिएका छन् ।

उनले भनेका छन्–"हामीले रूसका सबै प्रकारका उडान, रूसी एयरलाइन्सका जहाज र रूसबाट उडेका सबै प्रकारका जहाजका लागि युरोपियन देशका आकाश बन्द गरेका छौं । रूसी सैन्य अपरेशनका कारण धेरै विमानहरू उडेका र ती विमान युक्रेनमा हमला गर्नका लागि पुगेका भन्दै त्यसमा प्रतिबन्ध लगाइएको उनले बताए ।

रूसले युक्रेनमाथि आक्रमण गरेको आज पाँचौं दिन पनि रूसी सैनिक युक्रेनको राजधानी किभ शहरमा छन् । राजधानी किभलाई सबैतर्फबाट रूसी सेनाले घेरा हालेको युक्रेनले जनाएको छ । यहाँका नागरिकहरूले सामाजिक सञ्जालमा राखेका भिडिओहरूमा रूसी सेनाका ट्यांकरहरू युक्रेनको राजधानी किभमा गुडिरहेको देखिएको छ ।

युक्रेनमाथि गरेको सो आक्रमणको विरोधस्वरूप युरोपियन युनियनले रूसविरुद्ध यो प्रतिबन्ध लगाएको जनाइएको छ ।

**युक्रेनद्वारा रूसविरुद्ध १ लाख सेना परिचालन**

मस्को/सिन्हवा

रूसले युक्रेनमा आक्रमण जारी राखेपछि त्यसविरुद्ध युक्रेनले पनि कम्तीमा १ लाख सेना परिचालन गरेको जनाएको छ । रूसले आइतवार चौथो दिन पनि आक्रमण जारी राखेको बताएको छ । त्यस्तै आइतवार राति पनि स्थलसेनाले युक्रेनको राजधानी किभमा आक्रमण गरेको थियो ।

यहाँका सेना प्रमुख भेलरी जालुज्नीले सो कुराको जानकारी दिएका छन् । उनले फेसबुकमार्फत भनेका छन्– युक्रेनले १ लाखभन्दा बढी सैनिक परिचालन गरेको छ र तीमध्ये अधिकांश सीमा सुरक्षा क्षेत्रमा कार्यरत सैनिक हुन् । अहिले पनि रूसी सेनाले युक्रेनको राजधानी किभ शहरमा घेरा हालेको बताइएको छ । रूसले आफूलाई पक्राउ गर्न खोजेको तर सफल नभएको युक्रेनका राष्ट्रपति भोलोदीमिर जेलेन्स्की बताएका छन् ।

रूसले आक्रमण गरेको आज चौथो दिन रूसी सैनिक युक्रेनको राजधानी किभ शहरमा छन् । राजधानी किभको उत्तरी भेगमा रूसी सेना पुगेको युक्रेनले जनाएको छ ।

यस अघि युक्रेनले पूर्णरूपमा सेना परिचालन गरेको बताएको थियो । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले सेना परिचालनको आदेश दिएका छन् । यहाँका १८ देखि ६० वर्षका पुरुषहरूले देश छाड्न नपाउने घोषणा गरिएको छ । उता रूसले भने युक्रेनका राष्ट्रपतिलाई आत्मसमर्पण गर्न भनेको छ । रासस

## चट्याङ लागेर सात किसानको मृत्यु

दार एस सलाम १६ फागुन/सिन्हवा

तान्जानियाको दक्षिणी उच्च पहाडी क्षेत्रमा रुक्वामा शनिवार चट्याङ लागेर कम्तीमा सात किसानको मृत्यु भएको छ । साथै अन्य १४ जना घाइते भएका प्रहरीले आइतवार जनाएको छ । रुक्वाका क्षेत्रीय प्रहरी प्रमुख विलियम मवाम्पघाले स्थानीय समयानुसार शनिवार दिउँसो ३ बजे भीषण वर्षासँगै आएको चट्याङले लुवा गाउँमा पाँच किसानको ज्यान गएको बताएका छन् ।

खेत रोप्ने क्रममा चट्याङ लागेर पाँचजना किसानको मृत्यु भएको एक पत्रकार सम्मेलनमा मवाम्पघालेले बताए । किसानहरूको एक समूहले आश्रय लिएको झुपडीमा चट्याङ लागेर अन्य १४ जना घाइते भएका छन् ।

अर्को छुट्टै घटनामा शनिवार साँझ सोही गाउँमा खेतीबारी गर्ने क्रममा चट्याङ लागेर एक पुरुष र उनको छोराको मृत्यु भएको प्रहरी अधिकारीले जानकारी दिएका छन् । रासस

## दक्षिण कोरियामा एकै दिन १ लाख ३९ हजार कोरोना सङ्क्रमित

सोल, १६ फागुन/सिन्हवा

दक्षिण कोरियामा एकै दिन १ लाख ३९ हजार कोरोना भाइरस सङ्क्रमित भेटिएका छन् । आइतवार मध्यराति सम्म ती सङ्क्रमित पाइएको बताइएको छ । तर पनि अघिल्लो दिनको तुलनामा भने सङ्क्रमितको सङ्ख्या घटेको हो । यहाँ गत शनिवार १ लाख ६३ हजार जना सङ्क्रमित पाइएका थिए ।

यहाँ अहिलेसम्म ३१ लाखभन्दा बढी सङ्क्रमित पाइएका छन् । शुरूको पहिलो र दोस्रो लहरमा सङ्क्रमितहरू नबढेको यहाँ पछिल्लो अर्थात् तेस्रो लहरमा भने प्रतिदिन बढ्दै गएको पाइएको छ । यहाँ ओमिक्रोन भाइरसको सङ्क्रमण निकै तीव्र गतिमा बढेको पाइएको हो । तर पछिल्ला केही दिनमा भने सो सङ्क्रमण दर घट्दै गएको बताइएको छ ।

**भारतमा दैनिक सङ्क्रमितको सङ्ख्या दश हजारभन्दा कम**

नयाँ दिल्ली/एएनआई

भारतमा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितहरूको सङ्ख्या दश हजारभन्दा कम हुन थालेको छ । सरकारी अधिकारीहरूले सोमवार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा आठ हजार १३ जना मात्रै नयाँ सङ्क्रमित थपिएका छन् ।

यो सङ्ख्या लामो समयपछि सबैभन्दा कम देखिएको र दैनिक सङ्क्रमितहरूको सङ्ख्या पनि धेरै कम हुँदै गएको सङ्घीय स्वास्थ्य मन्त्रालयका अधिकारीहरूले जनाएका छन् । उनीहरूका अनुसार भारतमा अहिले एक लाख दुई हजार ६०१ जना कोरोना भाइरसबाट सङ्क्रमित अवस्थामा रहेका छन् ।

पछिल्लो एक दिनमा १६ हजार ७६५ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । योसँगै अहिलेसम्म चार करोड २३ लाख सात हजार ६८६ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएको अधिकारीहरूले जनाएका छन् ।

उनीहरूका अनुसार भारतमा कोरोनाका कारण अहिलेसम्म पाँच लाख १३ हजार ८४३ जनाको मृत्यु भएको छ । तीमध्ये ११९ जनाको पछिल्लो एक दिनमा मृत्यु भएको छ । पछिल्लो २४ घण्टामा भारतमा झन्डै पाँच लाख मानिसलाई कोरोना भाइरसविरुद्ध खोप लगाइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता तथा सम्बन्धविच्छेद समयमैं सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।
**वीरगंज महानगरपालिका**

**आजको राशिफल**

| | |
|---|---|
| मेष – कर्मप्राप्ति | वृष – आलस्यता |
| मिथुन – वादविवाद | कर्कट – व्यापारवृद्धि |
| सिंह – कडाश्रम | कन्या – कार्यनाश |
| तुला – भयचिन्ता | वृश्चिक – राज्यलाभ |
| धनु – धनखति | मकर – सुयश |
| कुम्भ – व्यर्थभ्रमण | मीन – प्रसन्नता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया



**महाशिवरात्रि**: वीरगंजको माईस्थान वरपर महाशिवरात्रिलाई लक्षित गरी फलफूल, कन्दमूल बिक्री गर्दै व्यापारीहरू । वीरगंजको अलखियामठ, ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, राधेमाई र छपकैया-३ लगायतका ठाउँमा शिवरात्रि धूमधामका साथ मनाइने गरिन्छ । तस्वीरः पङ्कज श्रेष्ठ

## जीराभवानी मेला शुरू

प्रस, सेढवा, १६ फागुन /

पर्साको ग्रामीण भेगको ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेको प्रसिद्ध जीराभवानी मेला सोमवारदेखि शुरू भएको छ ।


तस्वीरः प्रतीक



जीराभवानी गाउँपालिका– १ र २ को दोसाँधमा रहेको जीराभवानी मन्दिरमा महाशिवरात्रिका दिन लाग्ने मेला सोमवारदेखि शुरू भएको हो । महाशिवरात्रिको अघिल्लो दिन सोमवार त्रयोदशीका दिन भएको कारण बिहानैदेखि मन्दिरमा शिवभक्तहरूको घुइँचो लागेको थियो ।

मन्दिर आसपास रहेका सेढवा, महादेवपट्टि, पकडीटोला, जगतिया, गम्हरिया, भवानीपुर, वसन्तपुर, पिपडाढी, परसवा, जीतपुर, नौकाटोला, सुपौली, कोढौली, शहजानपुर, शङ्करसरैया, हरैया, सखुवनियालगायतका बासिन्दाहरूले आज मन्दिर परिसरमा पुरोहितबाट भगवान् शिवको पूजा अर्चना गरेका छन् ।

आज भक्तजनहरूले विभिन्न जलाशयबाट ल्याएका जल भगवान्लाई अर्पण गरी पूजापाठ गरेका थिए । यसका साथै वर्षेबाली धानको पहिलो अंशको मुडला बनाइ भगवान् शिवलाई चढाएका छन् ।

महाशिवरात्रिका दिन भगवान् शिवलाई गाजा चढाउने परम्परा रहिआए पनि पर्सामा गाँजाखेती गर्न प्रतिबन्ध लगाएपछि सो परम्परा हराएको छ ।

**Notice**

This is to inform all concerned individual(s), agencies and companies that USAID's Early Grade Reading Program II (EGRP II), PO Box 14417, No. 46/64 Tej Bhawan, Uttar Dhoka, Lazimpat, Kathmandu, Nepal will officially phase out its district offices in Saptari, Siraha, Dhanusha, Mahottari, Sarlahi, Rautahat, Bara and Parsa districts effective March 31, 2022.

Accordingly, all those concerned are informed by this notice that any official payments or liabilities, if any to be claimed from EGRP II, will be paid on or before March 21, 2022. No claims will be entertained after March 21, 2022.

**USAID's Early Grade Reading Program II**
**PO Box 14417, No. 46/64 Tej Bhawan**
**Uttar Dhoka, Lazimpat**
**Kathmandu, Nepal**
**Tel: +977-1-4001103**

**श्री कालीप्रसाद लाखे माध्यमिक विद्यालय, लङ्गडी, पर्सा**

**शिक्षक आवश्यकतासम्बन्धी सूचना**

प्रस्तुत विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०७८/११/८ गतेको निर्णय अनुसार यस विद्यालयको रिक्त दरबन्दीमा मावि तृतीय श्रेणी (राहत) गणित विषयका शिक्षक करारमा नियुक्तिको लागि इच्छुक नेपाली नागरिकबाट आह्वान गरिएको छ ।

तपसील

१) विज्ञान नं. १/२०७८/०७९,
   (क) तहः माध्यमिक
   (ख) पद सङ्ख्याः १ (एक), (ग) श्रेणीः मावि तृतीय (राहत),
   (घ) नियुक्तिको किसिमः करार,
   (ङ) विषयः गणित,
   (च) आवश्यक न्यूनतम योग्यताः मान्यताप्राप्त विश्वविद्यालयबाट मुख्य विषय गणित लिई स्नातक तह उत्तीर्ण वा सोसरह ।
२) उल्लिखित पदको लागि
   (क) तलब सुविधा– नेपाल सरकारको नियमानुसार
   (ख) उमेरः १८ वर्ष पूरा गरी ४० वर्ष ननाघेको
   (ग) फौजदारी अभियोग नलागेको ।
३) दरखास्त पेश गर्ने मितिः २०७८/११/१३ गतेदेखि २०७८/११/२७ गते अपराह्न ४ बजेसम्म ।
४) दरखास्त दिने स्थानः श्री कालीप्रसाद लाखे मावि, लङ्गडी, पर्सा
५) सम्पर्क मितिः २०७८/११/२८ गते
६) परीक्षा मितिः २०७८/११/२९ गते
७) स्थानः श्री कालीप्रसाद लाखे मावि, लङ्गडी, पर्सा
८) परीक्षाको किसिमः लिखित तथा अन्तर्वार्ता
९) पाठ्यक्रमः शिक्षक सेवा आयोगद्वारा निर्धारित पाठ्यक्रम अनुसार
१०) परीक्षा दस्तुरः रु २०००/– (अक्षरेपि रु दुई हजारमात्र)
११) पेश गर्नुपर्ने कागजातहरूः
   (क) शैक्षिक योग्यताको प्रमाणपत्र
   (ख) नेपाली नागरिकताको प्रमाणपत्र
   (ग) स्थायी अध्ययन अध्यापन अनुमतिपत्र
१२) करार सूचीको उम्मेदवार नआएमा मात्रै खुलातर्फ प्रतिस्पर्धा गराइनेछ ।

### दोहोरो अङ्कले घट्यो....

लाख ७९ हजार ८३९, अप्पर तामाकोशी हाइड्रोपावर रु १३ करोड १७ लाख ८९ हजार र नेशनल हाइड्रोपावर रु १२ करोड २४ लाख १९ हजार २८४ मूल्य बराबरको कारोबार भई शीर्ष स्थानमा रहेका छन् ।

आजको बजारमा दुई हाइड्रोपावर (तेह्रथुम पावर कम्पनी र समालिङ पावर कम्पनी)को शेयर मूल्य १०/१० प्रतिशलते घटेका छन् । त्यस्तै, दिव्यश्वरी हाइड्रोपावर ८.५५, मैलुङखोला जलविद्युत् कम्पनी ६.७८ र न्यादी हाइड्रोपावर कम्पनीको शेयर मूल्य ६.६७ प्रतिशतले घटेको छ । तारागाउँ होटलको शेयर मूल्य १.११ प्रतिशतले बढेको आजको बजारमा सानिमा जनरल इन्स्योरेन्सको मूल्य ०.८७ प्रतिशतले बढेको छ ।

त्यस्तै, एनआइसी एशिया डिबेन्चर ०८२/८३ दुई प्रतिशतले बढेको बजारमा सनराइज ब्लूचिप फन्ड १.६५ र लक्ष्मी इक्विटी फन्डको मूल्य १.२४ प्रतिशतले बढेको छ ।

### यसरी.........

चालिएको प्रचण्डले स्पष्ट पारे । कानूनी उपायका बारेमा गोविन्द बन्दीदेखि काङ्ग्रेस महामन्त्री गगन थापा पनि लागिरहेको थाहा पाएपछि उनीहरूसँग पनि आफूले छलफल गरेको स्पष्ट पारे ।

सार्वभौम संसद्ले पारित गरेको व्याख्यात्मक घोषणालाई कागजको टुक्रो भनेर गरिएको टिप्पणीप्रति आपत्ति प्रकट गर्दै उनले भने, "यो सङ्कल्प मात्र होइन, अन्तर्राष्ट्रिय कानूनद्वारा स्थापित प्रक्रिया र मान्यता हो । यसमा हामी सबैले गर्व गर्नुपर्छ ।" उनले एमसिसी अनुमोदनपछि नेपाली समाज विभाजित हुनबाट बचेको तथा विकासलाई निकास दिएको बताए । अध्यक्ष दाहालले सार्वभौमसत्ता, संविधान र कानून अनुरूपको स्वतन्त्र अडान स्थापित भएको उल्लेख गरे ।

संविधान र लोकतन्त्रमाथि घात हुन्छ कि भन्ने लागेर सहमति जुटाउन लागि पर्दा आफूलाई 'भिलेन'का रूपमा प्रस्तुत गरिएको प्रचण्डको गुनासो थियो ।

# जनता आवास अन्तर्गत दलित भवनमा अनियमितता

प्रस, रौतहट, १६ फागुन/



तस्वीरः प्रतीक

जनता आवास अन्तर्गत बन्ने दलित भवनमा व्यापक अनियमितता भएको छ। नेपाल सरकारको नीति तथा कार्यक्रममा घरविहीन दलितहरूको पक्की भवन बनाइदिनका लागि आएको रकम दुरुपयोग भएको दलितहरूले गुनासो गरेका छन्।

रौतहट, राजदेवी नगरपालिका-१, पथराटोलमा सातवटा घर बनाउन आएको रकम दुरुपयोग भएको पीडित गणेश मालीले आरोप लगाए। प्रतिकोठा ठेकेदारले आठ हजार रुपैयाँ लिएको मालीको आरोप छ। जना तथा मिस्त्रीको खर्च तिर्नुपर्ने भनी ठेकेदारले रकम लिएको उनले बताए। पहिलो किस्ता र दोस्रो किस्ता गरी ठेकेदारले २० लाख रुपैयाँ लिइसकेको उनले बताए।

आफूलाई खातामा राख्न भनेर चेकमा सही गराइ ठेकेदारले रुपैयाँ उठाउँदै लगेको उनले आरोप लगाए। दोस्रो किस्ता लिए पनि ढोका, झ्याल, माटो पुर्ने तथा प्लास्टर र छानो हाल्ने कार्य बाँकी रहेको मालीले बताए।

२०७७ माघमा घर भत्काउन लगाइ पक्की भवन निर्माण गराइदिने भनिएकोमा हालसम्ममा निर्माण सम्पन्न नभएकोले वर्षातमा भिजेर बस्नुपरेको र आमा बिरामी परेको उनले बताए। प्रतिघरपरिवार तीन लाख ३६ हजार रुपैयाँमा दुई कोठे पक्की र बरन्डामा भान्साघरसमेतको इस्टिमेट रहेको जनता आवास कार्यालय, गौरले जनाएको छ। घरको कुर्सीसम्म कार्य गर्दा ३५ प्रतिशत भुक्तानी हुने, छानाको तल्लो भागसम्म कार्य गरेबापत ५० प्रतिशत भुक्तानी हुने र छाना हालेमा १५ प्रतिशत भुक्तानी हुने सरकारको कानुनी प्रावधान छ।

छानोमा १५ प्रतिशतभन्दा बढी रकम पर्ने भएकोले प्रायःजसो ठेकेदारले छानो नहाली कार्य स्थगित गर्ने गरेको बताइएको छ। घरको कुर्सी तथा माथिल्लो भाग निर्माण गरेसम्म बढी फाइदा हुने तर छानो हाल्दा घाटा हुने मनसायले छानो नहाल्ने गरेको जनता आवासका एकजना कर्मचारीले बताए। जनता आवासका ओभरसियर वीरेन्द्र साह र ठेकेदार शिवनारायण साहको मिलेमतोमा जनता आवासका कार्यमा अनियमितता भएको मालीले आरोप लगाए।

रौतहटमा यो कार्यक्रम अन्तर्गत एक हजार ७५ घरपरिवारका लागि भएको सम्झौतामा अधिकांश घर निर्माण भएको छैन। दोस्रो किस्तासम्मको निकासा भएको जनता आवास कार्यालय, वीरगंजले जनाएको छ। जनता आवास कार्यालय, वीरगंजका प्रमुख रुद्रनारायण दासले दलितहरूसँग कुनै प्रकारको रकम लिनुपर्ने प्रावधान नरहेको र लिएको भए कारबाई हुने बताए।

जनता आवासका संयोजक धनलाल ढोकरले रौतहट जिल्लाको बेतनौमा प्रतिपरिवार रु तीन हजारको दरले लिएको रकम फिर्ता गराएको बताए। उनले पथराका दलितसँग लिएको रकम पनि फिर्ता गराउने प्रतिबद्धता जनाए।


## कोभिड सङ्क्रमणबाट सचेत रहौं

- कोरोना सङ्क्रमणको जोखिम कायमै छ।
- यसले कुनै पनि बेला महामारीको रूप लिन सक्छ।
- तत्काल कोरोनाविरुद्धको खोप लिऔं।
- जमघट तथा भीडभाडमा नजाऔं।
- अनिवार्यरूपमा स्वास्थ्य मापदण्डको पालना गरौं।

विन्ध्यवासिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पर्सा



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## पटेर्वासुगौली गोल्डकपः भक्तपुर र देवरिया क्वाटरफाइनलमा

प्रस, सेढवा, १६ फागुन/

दोस्रो पटेर्वासुगौली गोल्डकप अन्तर्गत सोमवार भएका दुईवटा खेलमा एएफसी भक्तपुर र झारखण्ड क्लब देवरिया विजयी भएर क्वाटरफाइनलमा प्रवेश गरेको छ। सोमवार भएको पहिलो खेलमा एफसी भक्तपुरले एनएनजिवाइसी,



तस्वीरः प्रतीक

जीतपुरलाई शून्यका विरुद्ध तीन गोलअन्तरले पराजित गरी क्वाटरफाइनलमा प्रवेश गरेको छ। यस खेलमा भक्तपुरका जन्मे धामी 'म्यान अफ दी म्याच' घोषित भए। धामीलाई नगद एक हजार ५०० सहित ट्रफी प्रदान गरिएको थियो।

सोमवारको दोस्रो खेलमा महावीर क्लब, सोलखपुरलाई पराजित गर्दै झारखण्ड क्लब, देउरिया क्वाटरफाइनलमा प्रवेश गरेको छ। यस खेलमा झारखण्डका सोन्युल चौधरी 'म्यान अफ दी म्याच' घोषित भए।

भोलि महाशिवरात्रि पर्व भएकोले खेल स्थगित गरिएको छ। फागुन १८ गते बुधवार पहिलो खेल जीराभवानी गापा र पटेर्वासुगौली गापाबीच हुने आयोजकले बताएको छ। त्यस्तै, दोस्रो खेल बडगोमाई युवा क्लब, सुपौली र आयोजक संस्था समता समाज नेपालबीच हुनेछ।

## खेलाडीलाई खेल सामग्री वितरण

प्रस, सेढवा, १६ फागुन/

पटेर्वासुगौली गाउँपालिकाको फुटबल टीमलाई खेल सामग्री वितरण गरिएको छ।

गापा अध्यक्ष हरिनारायण चौधरीले वडा नं ४ को पटेर्वा खेलमैदानमा कार्यक्रमको आयोजना गरी टीमका अध्यक्ष रामजनम ओझैया र कप्तान लालबाबुप्रसाद चौधरीलाई खेल सामग्री प्रदान गरे।



तस्वीरः प्रतीक

अध्यक्ष चौधरीले दुई लाख ५० हजार मूल्यबराबरको फुटबल, जर्सी, ट्र्याक सुट, बुट, सेफप्याडलगायतका खेल सामग्री हस्तान्तरण गरे।

पालिकाले फुटबल खेलाडी उत्पादनका लागि पालिकाभरिका खेलाडीलाई प्रतियोगिता आयोजना गरी छनोट गरी आवश्यक प्रशिक्षण दिएर दोस्रो पटेर्वासुगौली गोल्डकपमा आफ्नै खेलाडी सहभागी गराएको बताए। सो गोल्डकपमा फागुन १८ गते बुधवार पटेर्वासुगौलीले जीराभवानीसँग प्रतिस्पर्धा गर्नेछ।

## ललितपुर मेयर महिला टी-ट्वान्टी क्रिकेटको उपाधि एपिएफलाई

काठमाडौं, १६ फागुन/रासस

डिफेन्डिङ च्याम्पियन सशस्त्र प्रहरी बल (एपिएफ) क्लबले ललितपुर मेयर महिला टी-ट्वान्टी क्रिकेट च्याम्पियनशिपको उपाधि जितेको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा सोमवार भएको फाइनल खेलमा सुदूरपश्चिम प्रदेशलाई आठ विकेटले पराजित गर्दै एपिएफले लगातार दोस्रोपटक उपाधि जितेको हो।

अघिल्लो संस्करणको खेलमा पनि एपिएफले सुदूरपश्चिम प्रदेशलाई आठ विकेटले नै पराजित गर्दै उपाधि जितेको थियो। खेलमा ११४ रनको लक्ष्य पछ्याएको एपिएफले १५ दशमलव ५ ओभरमा दुई विकेट गुमाएर पूरा गर्‍यो। एपिएफको जीतमा ज्योति पाण्डेले सर्वाधिक ४३ रनको योगदान गरिन्। ४४ बल खेलेकी उनले ५ चौका प्रहार गरिन्।

त्यसैगरी, इन्दु बर्माले अविजित रहँदै २४ बलमा २९ रन जोडिन् भने कप्तान सीता रानामगर १९ रनमा आउट भइन्। सुदूरपश्चिमका लागि लक्ष्मी साउद र सम्झना खड्काले एक/एक विकेट हात पारे। त्यसअघि टस जितेर पहिले ब्याटिङ थालेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा चार विकेट गुमाएर ११३ रनको योगफल बनाएको थियो। सुदूरपश्चिमका लागि बिन्दु रावलले सर्वाधिक ३७ रनको योगदान भने डोली भट्टले ३६ रन जोडिन्।

त्यस्तै, कविता कुँवर २४ रनमा अविजित रहिन् भने रेवती धामीले १० रनमा तथा रितु कनौजिया दुई रनमा अविजित रहिन्। एपिएफका लागि सुषमा श्रेष्ठले दुई विकेट हात पारिन्। उपाधिसहित एपिएफले दुई लाख र उपविजेता सुदूरपश्चिमले एक लाख प्राप्त गरे।

# यातायात कार्यालय, रौतहटले ७८ लाख उठायो

प्रस, रौतहट, १६ फागुन/

यातायात व्यवस्था सेवा कार्यालय, रौतहटले रु ७८ लाख दुई हजार १९९ राजस्व सङ्कलन गरेको छ।

विभिन्न शीर्षकमा राजस्व सङ्कलन गरेको कार्यालय प्रमुख राजकिशोर साहले बताए।

यातायात क्षेत्रबाट रु दुई लाख ९९ हजार ६९५, सवारीसाधन कर रु ६८ लाख ४८ हजार २२४, व्यवसाय रजिस्ट्रेशन दस्तुर रु ४९ हजार २००, चालक अनुमतिपत्र सवारी दर्ता किताबसम्बन्धी दस्तुर रु छ लाख पाँच हजार ८० गरी रु ७८ लाख दुई हजार १९९ राजस्व सङ्कलन गरेको कार्यालयले जनाएको छ।

२०७८ भदौ ९ गतेदेखि गौरमा सेवा सञ्चालन भएको थियो।

यातायात व्यवस्था सेवा कार्यालय, रौतहटबाट सवारी दर्ता प्रमाणपत्र नवीकरण, जाँचपास जारी, बाटो इजाजतपत्र तथा पटके इजाजतपत्र जारी हुने कार्यालय प्रमुख साहले बताए।

ती कार्यका लागि वीरगंज जानुपर्ने बाध्यताको अन्त्य भएकोले सेवाग्राहीहरूले खुसी व्यक्त गरेको देवेन्द्र यादवले बताए।

सवारी चालक अनुमतिपत्र तथा लाइसेन्स नवीकरण पनि सोही कार्यालयबाट भए झन् राम्रो हुने उनले बताए।

२०७५ कात्तिक १ गतेदेखि रौतहटमा यातायात कार्यालय स्थापना भएको र सेवा प्रवाह २०७८ भदौ ९ गतेदेखि गरिएको कार्यालय प्रमुख साहले बताए।


ठाकुर राम बहुमुखी क्याम्पस
वीरगंज

## आवश्यकता

यस ठाकुर राम बहुमुखी क्याम्पसको BBA तर्फ Business Law विषयमा आंशिक प्राध्यापकको आवश्यकता भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको सात (७) दिनभित्र दरखास्त आह्वान गरिन्छ। विस्तृत विवरणको लागि क्याम्पस प्रशासनमा सम्पर्क गर्नुहोला।

क्याम्पस प्रमुख, ठाराब क्याम्पस